मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
✆ 9854028218
✆ 9802592799
✆ 9803474311
✆ 9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## वीरगंजमा बम स्विट डायपर सार्वजनिक

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगञ्जमा 'बम स्विट' डायपर सार्वजनिक गरिएको छ । भारतस्थित क्यामसन हेल्थकेयर प्रा.ली. को नयाँ उत्पादन 'बम स्विट' बेबी तथा एडल्ट डायपर एक कार्यक्रमका बीच वीरगञ्जमा लन्च गरिएको हो।
कार्यक्रममा कम्पनीका नेपाल बिक्री प्रबन्धक सुरज सिंहले नेपालमै पहिलो पटक 'बम स्विट' ब्राण्डको डायपर भित्रिएको जानकारी दिए। उनले गुणस्तरीय र सुरक्षित उत्पादनमार्फत नेपाली बजारमा फरक पहिचान स्थापित गर्ने लक्ष्य रहेको बताए । कम्पनीका बिजनेस हेड दिपान्शु शर्मा र सिनियर एरिया सेल्स म्यानेजर बिनय पाठकले उत्पादनको विशेषताबारे जानकारी गराउँदै 'बम स्विट' बेबी डायपर र एडल्ट डायपर उच्च गुणस्तरका कच्चा पदार्थबाट तयार गरिएको दाबी गरे।

● वर्ष ४ ● अंक ९३ ● २०८२ साल फागुन ०४ गते सोमबार ● Monday 16, February 2026 ● सूर्योदय: बिहान ०६:४२ बजे ● सूर्यास्त: साँझ ५:५६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# मधेशका ५५ सिटमा महासङ्ग्राम:

## - 'बालेन प्रभाव' कि काँग्रेसको कमब्याक
## - राष्ट्रिय सत्ता सन्तुलनको चाबी मधेशमै !




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधि सभा निर्वाचनको मिति नजिकिँदै जाँदा मधेश प्रदेशमा दलहरूको मुख्य ध्यान सिटको समीकरणतर्फ केन्द्रित भएको छ ।
विश्लेषकहरूका अनुसार समानुपातिकतर्फ मधेशमा करिब २० लाख मत खस्ने अनुमान छ, जसबाट करिब २३ जना सांसद चयन हुन सक्छन् । प्रत्यक्षतर्फ मधेशका आठ जिल्लामा ३२ सिट छन् । यी ३२ सिटमा समानुपातिकका २३ जोड्दा मधेशबाट मात्रै ५५ सिटको शक्ति सन्तुलन तय हुने भएकाले राष्ट्रिय राजनीति नै यहाँको परिणाममा निर्भर देखिन्छ ।
अघिल्लो निर्वाचनमा ३२ प्रत्यक्ष सिटमध्ये नेकपा एमालेले ९, नेपाली कांग्रेसले ७, जनता समाजवादी पार्टी (जसपा)ले ६, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले ४, एकीकृत समाजवादीले २ र माओवादी केन्द्रको चुनाव चिन्हधारीले १ सिट जित्दा ३ क्षेत्रमा स्वतन्त्र उम्मेदवार विजयी भएका थिए । त्यसबेला कांग्रेस, माओवादी, एकीकृत समाजवादी र लोसपा एकतर्फ थिए भने एमाले–जसपा अर्को मोर्चामा उभिएका थिए । जनमत पार्टी र रास्वपा जस्ता दलले एक्लै प्रतिस्पर्धा गरेका थिए ।
समानुपातिक मततर्फ नेपाली कांग्रेसले ४ लाख ३४ हजार ९७१, एमालेले ३ लाख ७१ हजार ७०९, जसपाले २ लाख ९८ हजार ७४४, जनमतले २ लाख ९६ हजार ४८४, माओवादी–नेसपाले १ लाख ७९ हजार ८७०, लोसपाले १ लाख ९ हजार ३९० र एकीकृत समाजवादीले १ लाख ७ हजार ८४ मत पाएका थिए । रास्वपाले ७२ हजार ९३५, राप्रपाले ६८ हजार ६५३, नागरिक उन्मुक्ति पार्टीले ४१ हजार १, नेपाल संघीय समाजवादी पार्टीले ३८ हजार ३१२ र बहुजन एकता पार्टीले १५ हजार ७७४ मत प्राप्त गरेका थिए ।
यसपटक पनि करिब २० लाख मत खस्ने अनुमान छ र समानुपातिकतर्फ २३ सिट सुनिश्चित हुने देखिन्छ । मधेशमा चर्चा के छ भने बालेन्द्र साहलाई प्रधानमन्त्रीको उम्मेदवार बनाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले 'बालेन क्रेज' का कारण समानुपातिकमा अग्रता लिन सक्छ । रास्वपाका नेताहरू २३ मध्ये १५ सिटसम्म आफ्नो पक्षमा आउन सक्ने दाबी गरिरहेका छन् । यद्यपि आन्तरिक रूपमा भने ५ देखि ८ सिट जित्न सकिने आकलन पनि सुनिन्छ । गत २०७९ को निर्वाचनमा मधेशमा कमजोर देखिएको रास्वपा यसपटक 'ब्यालेट विद्रोह' गर्ने तयारीमा रहेको नेताहरूको भनाइ छ ।
प्रत्यक्षतर्फ भने नेपाली कांग्रेसले राम्रो नतिजा ल्याउने दाबी गरिरहेको छ । मधेशका ३२ वटै क्षेत्रमा उम्मेदवारी दिएको कांग्रेसले १२–१६ सिट जित्ने आकलन गरेको छ । सर्लाही–४ का उम्मेदवार तथा सभापति थापाले मधेशमा कांग्रेसले सानदार पुनरागमन गर्ने बताएका छन् । धनुषा–३ का उम्मेदवार विमलेन्द्र निधिले देशव्यापी रूपमा कांग्रेसप्रति सकारात्मक माहोल रहेको दाबी गरेका छन् । धनुषा–४ का उम्मेदवार महेन्द्र यादवले त मधेशमा कांग्रेसले दुई तिहाइ सिट जित्ने दाबीसमेत गरेका छन् ।
एमाले नेतृत्वले मधेशमा प्रतिस्पर्धा सहज नहुने विश्लेषण गर्दै आएको छ । टिकट वितरण र आन्तरिक असन्तुष्टिका कारण विगतको प्रभाव जोगाउन कठिनाइ हुनसक्ने बुझाइ एमाले वृत्तमा छ । तर धनुषा–४ का उम्मेदवार रघुवीर महासेठ भने सबै दल अलग–अलग चुनावी मैदानमा उत्रिएकाले यसपटक परिणाम एमालेका लागि सहज हुने बताउँछन् । उनले अघिल्लोभन्दा बढी सिट जित्ने दाबी गरेका छन् ।
नेकपा नेता नारायणकाजी श्रेष्ठले देश र मधेशमा आफ्नो पार्टीप्रति सकारात्मक भावना बढेको बताएका छन् । माओवादी, एकीकृत समाजवादी लगायतको एकतापछि बनेको नेकपाले मधेशमा कम्तीमा ६–८ सिट जित्ने आकलन गरेको छ । श्रेष्ठ आफैं सर्लाही–३ बाट उम्मेदवार छन् ।
मधेशमा स्थापित शक्ति मानिएको जनता समाजवादी पार्टी (जसपा) यसपटक दबाबमा देखिन्छ । अध्यक्ष उपेन्द्र यादव नेतृत्वको जसपाले अघिल्ला निर्वाचनमा घट्दो सिट संख्या भोग्दै आएको छ । यसपटक लोसपासँगको एकताले प्रत्यक्षतर्फ केही सहजता देखिए पनि समानुपातिकमा चुनौती रहने विश्लेषण छ । नेताहरू प्रत्यक्षमा ८–१० सिट जित्ने अनुमान गर्छन् ।
यता २०७९ मा उदाएको जनमत पार्टी पनि आन्तरिक विभाजन र नयाँ शक्तिको चुनौतीका कारण दबाबमा छ । अध्यक्ष सीके राउतले भने यसपटक १६–१८ सिट जित्ने लक्ष्य सार्वजनिक गरेका छन्, यद्यपि अनौपचारिक रूपमा ३–५ सिटको सम्भावना सुनिन्छ । मधेश प्रदेशको ५५ सिटको अंकगणित यसपालि झन् पेचिलो बनेको छ । समानुपातिकतर्फ नयाँ शक्तिको उदय र प्रत्यक्षतर्फ परम्परागत दलको पकडबीच प्रतिस्पर्धा तीव्र छ । अन्ततः 'बालेन प्रभाव' कति निर्णायक हुन्छ, कांग्रेसको कमब्याक सफल हुन्छ कि स्थापित शक्तिले पकड जोगाउँछन् त्यो फागुन २१ को मतपेटिकाले नै तय गर्नेछ ।

## सदरमुकाममै दिनदहाडै गोली प्रहार

# असुलीमा अल्झिएको प्रहरी संयन्त्रबीच सर्लाही असुरक्षित !


सर्लाहीका सब-इन्जिनियर प्रमोद यादवमाथि गोली प्रहारपछि प्रादेशिक अस्पताल मलङ्वाले मृत घोषणा गरेको छ ।

**हरिशंकर शर्मा**
**सर्लाही।**
नेपाल–भारत सीमासँग जोडिएको मधेश प्रदेश अन्तर्गत सर्लाही जिल्लाको सदरमुकाममै दिनदहाडै गोली प्रहार हुँदा पूर्वाधार विकास कार्यालयका सव–इन्जिनियर प्रमोद कुमार यादवको ज्यान गएको छ । घटनाले सीमावर्ती जिल्लामा सुरक्षा संयन्त्रको कार्यक्षमता र प्राथमिकतामाथि गम्भीर प्रश्न उठाएको छ । मलङ्गगवा–१० स्थित आफ्नै कार्यक्षेत्र आसपास रहेका यादवमाथि अपरिचित व्यक्तिले नजिकैबाट गोली प्रहार गरेको बताइएको छ । गम्भीर घाइते अवस्थामा उनलाई तत्काल प्रादेशिक अस्पताल सर्लाही लगिएको थियो । तर अस्पतालले उपचारका क्रममा मृत घोषणा गऱ्यो । घटनास्थल सदरमुकामकै भीडभाड क्षेत्र भएपनि आक्रमणकारी फरार रहन सफल भएको बताइएको छ।
घटनापछि स्थानीयवासी त्रसित छन्। सीमावर्ती भूगोलका कारण भारतीय आपराधिक समूह नेपाल प्रवेश गरी घटना गरिसकेपछि पुनः भारत फर्किने प्रवृत्ति बढेको स्थानीयको दाबी छ। पछिल्ला महिनाहरूमा सर्लाहीमा चोरी, लुटपाट र हतियार प्रयोगका घटनामा वृद्धि भएको भन्दै नागरिकले प्रहरीको प्राथमिकता र निगरानीमाथि प्रश्न उठाएका छन्।
यसैबीच जिल्ला प्रहरी नेतृत्व विवादमा तानिएको छ । प्रहरी उपरीक्षक योगेन्द्र खड्का विगतमा पनि विभिन्न विषयमा आलोचनामा परेका प्रहरी अधिकृत हुन्। अहिले भने एसपी खड्कासहित अपराध अनुसन्धान शाखा इन्चार्ज इन्स्पेक्टर विशाल बुढाथोकी र पर्सा चौकीमा कार्यरत बरिष्ठ सई रोशन अधिकारीको मिलेमतोमा प्रहरी रकम असुलीमा व्यस्थत भएसँगै सर्लाहीमा सुरक्षा चुनौति बढ्दै गएको स्थानीयहरुको भनाई छ। प्रहरी स्रोतको दाबीअनुसार केही चौकीहरूबाट 'घुमुवा टोली' मार्फत नियमित रकम संकलन गर्ने अभ्यास चलिरहेको छ, जसले अपराध नियन्त्रणभन्दा असुलीलाई प्राथमिकता दिएको सन्देश दिएको छ।
सप्तरी दरबन्दीमा रहेर सर्लाहीको पर्सा चौकी इन्चार्जको जिम्मेवारी सम्हालिरहेका बरिष्ठ सई अधिकारीको टोलीले जिल्लाका विभिन्न प्रहरी चौकीसँग समन्वय गरी आर्थिक लेनदेनमा केन्द्रित भएको आरोप छ । यस्ता गतिविधिले मातहत इकाइहरूको मनोबल खस्किनुका साथै अपराध अनुसन्धान र गस्ती कमजोर भएको स्थानीयको भनाइ छ । यद्यपि जिल्ला प्रहरी कार्यालयले भने आरोपको औपचारिक प्रतिक्रिया दिएको छैन । घटनाको अनुसन्धान भइरहेको र दोषीलाई कानुनी दायरामा ल्याइने आश्वासन मात्र दिइएको छ । तर सदरमुकाममै सुरक्षा चुनौती देखिँदा नागरिकले ठोस कदम र पारदर्शी छानबिनको माग गरेका छन्।
सीमावर्ती सर्लाहीमा सुरक्षा समन्वय, सूचनाको आदान प्रदान र सक्रिय गस्ती अभावमा अपराधी तत्व हौसिँदै गएको विश्लेषकहरू बताउँछन् । यस्तो अवस्थामा प्रहरी संयन्त्र असुली र आन्तरिक विवादमा अल्झिएको आरोप सत्य भए त्यो स्वयं राज्य व्यवस्थामाथिको गम्भीर धक्का हुनेछ । प्रमोद कुमार यादवको हत्याले सर्लाहीमा सुरक्षा अवस्थाबारे बहस तीव्र बनाएको छ । सदरमुकाममै गोली चल्ने अवस्था आउनु सामान्य घटना होइन। सीमासुरक्षा, प्रहरी सुधार र जवाफदेहिता अब विलम्ब नगरी कार्यान्वयन गर्नुपर्ने माग बलियो बन्दै गएको छ।

## सर्लाही–३ मा कडा प्रतिस्पर्धाको संकेत

# पराजयको श्रृंखला तोड्ने नारायणकाजीको दाउ



**मधेशदृष्टि**
**सर्लाही।**
जनतासँगको प्रत्यक्ष इजलासमा पटक–पटक पराजित भए पनि राष्ट्रिय राजनीतिमा लामो समय प्रभावशाली भूमिका निर्वाह गर्दै आएका नेता हुन् नारायणकाजी श्रेष्ठ। नवगठित नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का वरिष्ठ नेता श्रेष्ठ यसपटक सर्लाही क्षेत्र नम्बर–३ बाट चुनावी मैदानमा छन् । २०७० मा मकवानपुर–१ र २०७४ मा गोरखा–२ बाट पराजित भएका श्रेष्ठ २०८२ सालको निर्वाचनमा सुरक्षित आधार खोज्दै सर्लाही–३ पुगेका हुन्। उनका लागि यो प्रतिस्पर्धा केवल संसदीय दौड मात्र नभई राजनीतिक प्रतिष्ठा पुनस्र्थापित गर्ने अवसरका रूपमा हेरिएको छ ।
२०७९ को निर्वाचनमा माओवादी केन्द्रले कांग्रेससँगको गठबन्धनमा प्रत्यक्षतर्फ १८ सिट जितेको थियो। त्यतिबेला सर्लाही–३ मा गठबन्धनको बलियो उपस्थिति देखिएको थियो । तर यसपटक कुनै दलबीच औपचारिक गठबन्धन छैन। माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीबीचको एकतापछि बनेको नेकपाका संयोजक पुष्पकमल दाहाल पूर्वी रुकुमबाट उम्मेदवार बनेका छन्

बाँकी पृष्ठ २ मा

# मत माग्न दलित बस्तीमा उम्मेदवारको ओइरो

# जीवनस्तर उकास्ने कोही नरहेको आरोप

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधि सभा निर्वाचनको मिति नजिकिँदै जाँदा मधेश प्रदेशका दलित बस्ती फेरि राजनीतिक गतिविधिको केन्द्र बन्न थालेका छन् । अघिल्ला चुनावझैँ यसपटक पनि उम्मेदवार र दलका नेता–कार्यकर्ताको ध्यान गरिब तथा सीमान्तकृत समुदाय बसोबास गर्ने गाउँटोलतिर केन्द्रित देखिन्छ ।
मत सुरक्षित गर्ने उद्देश्यले विभिन्न दलका प्रतिनिधि दलित बस्तीमा पुगेर आश्वासनको पोका खोलिरहेका छन् । तर, चुनाव सकिएपछि तिनै बस्ती वर्षौंसम्म बेवास्तामा पर्ने गरेको स्थानीयको गुनासो छ । ठूलो मतसंख्या ओगटेको दलित समुदायलाई



दलहरूले 'भोट बैंक'का रूपमा उपयोग गर्दै आए पनि उनीहरूको जीवनस्तर सुधारका ठोस कार्यक्रम भने विरलै कार्यान्वयनमा गएको देखिन्छ । देशका उच्च गरिबी दर भएका १० जिल्लामध्ये ६ जिल्ला मधेशमै पर्छन् । प्रदेश राजधानी जनकपुरधामबाट करिब १६ किलोमिटर उत्तरतर्फ रहेको मिथिला नगरपालिकाको हरिहरपुर गाउँ यसको एउटा उदाहरण हो । यहाँ एक घर डोम र १२ घर मुसहर परिवार बसोबास गर्छन् । उनीहरूलाई स्थानीय जग्गाधनी विश्वनाथप्रसाद उपाध्यायले निजी जग्गामा बसोबास गराएका हुन् ।
पुस्तौंदेखि साहु–महाजनको खेतमा मजदुरी गरेर गुजारा चलाउँदै आएका मुसहर परिवारको अवस्था अझै दयनीय छ । स्थायी रोजगारी नहुँदा दैनिक ज्यालामजदुरी नै उनीहरूको जीविकोपार्जनको आधार हो । मजदुरी नपाए दुई छाकको जोहोसमेत कठिन हुने अवस्था छ ।
संघीय व्यवस्था लागू भएपछि तेस्रो कार्यकालका लागि

बाँकी पृष्ठ २ मा

# जन अपेक्षा पुरा गर्दै देश सम्हाल्ने विषय मुख्य होः थापा



**सर्लाही ।**
नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले जन अपेक्षा पुरा गर्दै देश सम्हाल्ने विषय मुख्य रहेको बताएका छन् । सर्लाही जिल्ला निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार रहेका सभापति थापाले आगामी पाँच वर्षमा जन भावना अनुसार सरकारले काम गर्नुपर्ने चुनौती रहेको बताए ।
उनले भने, अब सिंहदरबार पनि जल्नु हुँदैन, गोली पनि चल्नु हुँदैन । हामीले कर्तव्यबोध गरेर काम गर्नुपर्छ । सुशासन कायम गर्नुपर्छ । जनता कुशासनले आजित भएका छन्, हामीले सुधार गर्नुपर्ने धेरै कुरा छन् । युवालाई रोजगारी चाहिएको छ, स्वास्थ्य र शिक्षा जस्ता आधारभूत विषयमा काम गर्नुपर्ने छ । त्यसैले देश सम्हाल्न राष्ट्रिय दलले कर्तव्य बोध गरेर काम गर्नुपर्ने हुन्छ । सभापति थापाले देशमा जोशसँगै होसका साथ र उत्साहसँगै अनुभवका साथ आगामी दिनमा काम गर्नुपर्ने दायित्व रहेको बताए । जनतालाई परिणाम दिनुपर्ने समय आएको उल्लेख गर्दै उनले अब आनाकानी गर्ने छुट नभएको बताए । सबै दललाई साथमा लिएर स्थायित्व हुने काम गर्नुपर्ने सभापति थापाको भनाइ थियो ।
कांग्रेसले नतिजा दिने गरी काम गर्ने सभापति थापाले बताए । सर्लाही–४ का मतदातासँग भेटघाट गर्दै उनले प्राथमिकताका आधारमा शिक्षा, स्वास्थ्य, कृषिलगायतका क्षेत्रमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे । रासस

# छपकैयामा नेकाको अगुवा भेला

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा नेपाली कांग्रेसको अगुवा कार्यकर्ता भेला सम्पन्न भएको छ ।
पर्सा निर्वाचन क्षेत्र नम्बर २ का अगुवाहरुको भेला आइतबार छपकैयामा सम्पन्न भएको हो ।
भेलालाई सम्बोधन गर्दै प्रतिनिधिसभा सदस्य उम्मेदवार अजय कुमार चौरसियाले पार्टीले कठिन राजनीतिक मोडहरूमा देश जोगाउन र जनताको अधिकार सुनिश्चित गर्न निर्णायक भूमिका खेलेको दाबी गरे ।

## बहुअर्वामा एमालेको अगुवा कार्यकर्ता भेला
# सयभन्दा बढी एमालेमा प्रवेश

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा क्षेत्र नं. २ को पर्सागढी नगरपालिका वडा नम्बर–५ बहुअरावामा एमालेको अगुवा कार्यकर्ता भेला तथा पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा विभिन्न राजनीतिक दल परित्याग गरी सयौँ कार्यकर्ता नेकपा (एमाले) मा प्रवेश गरेका छन् । भेलालाई सम्बोधन गर्दै प्रतिनिधिसभा सदस्य पदकी उम्मेदवार रिमा कुमारी यादवले क्षेत्रको समग्र विकासका लागि शिक्षा, स्वास्थ्य र कृषिलाई उच्च प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औँल्याइन् । उनले गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा तथा आधुनिक कृषि प्रणालीमार्फत स्थानीय जनताको जीवनस्तर उकास्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।



कार्यक्रममा एमालेका केन्द्रिय सदस्य विजय सरावगी, समानुपातिक उम्मेदवार बिचारी यादव, पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठक, बहुदरमाई नगरपालिकाका प्रमुख सिंघासन साह तथा पूर्व वडा अध्यक्ष असलम आलम लगायतले सम्बोधन गर्दै संगठन सुदृढीकरण र विकास निर्माणमा एकजुट भएर अघि बढ्नुपर्ने धारणा राखेका थिए । वडा कमिटीको आयोजनामा भएको कार्यक्रममा एमालेका स्थानीय नेता–कार्यकर्ता तथा सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो । आयोजकका अनुसार जनता समाजवादी पार्टी नेपाल र नेपाली कांग्रेस लगायत विभिन्न दलबाट ठूलो संख्यामा कार्यकर्ता एमालेमा प्रवेश गरेका हुन् ।

# १३२ केभी प्रसारणलाइनको आइतबारदेखि परीक्षण सुरु



**गुल्मी ।**
नेपाल विद्युत् प्राधिकरणद्वारा गुल्मी सदरमुकाम तम्घासबाट बुर्तिबाङसम्म निर्माण सम्पन्न भएको १३२ केभी डबल सर्किट प्रसारणलाइनको आजदेखि परीक्षण सुरु गरिएको छ । बुर्तिबाङ–पौदीअमराई–तम्घास–सन्धिखर्क–गोरुसिङ्गे १३२ केभी प्रसारणलाइन आयोजना'अन्तर्गत निर्माण गरिएको उक्त लाइन गुल्मी र बागलुङ जिल्लाका विभिन्न स्थानीय तह हुँदै विस्तार गरिएको हो ।
गुल्मीको रेसुङ्गा नगरपालिकाअन्तर्गत वडा नं ७ को उनाएचौरस्थित तम्घास सवस्टेसनबाट बागलुङको ढोरपाटन नगरपालिका–२ खल्टुबोटस्थित बुर्तिबाङ सवस्टेसनसम्मको प्रसारण लाइनमा १३२ हजार भोल्ट क्षमताको विद्युत् परीक्षण र विद्युत् प्रवाह गरिने प्राधिकरणले जनाएको छ । उक्त प्रसारणलाइन आजदेखि दुई दिनसम्म परीक्षण गरेपछि मात्र नियमित सञ्चालन गरिने तयारी गरिएको विद्युत् प्राधिकरणका आयोजना प्रमुख मनोज चौधरीले जानकारी दिए । प्राधिकरणद्वारा गुल्मीको रेसुङ्गा नगरपालिका–३, ४ र ५, इस्मा गाउँपालिका–२ तथा मुसिकोट नगरपालिका–१, २ र ३ हुँदै बागलुङको बडिगाड गाउँपालिका–२, ५, ६ र ७ र ढोरपाटन नगरपालिका–२ बुर्तिबाङसम्म विस्तार गरिएको उनले बताए ।
प्राधिकरणले उच्च भोल्टेजका कारण हुनसक्ने जोखिमलाई ध्यानमा राख्दै सर्वसाधारणलाई प्रसारणलाइनको टावरमा नचढ्न, तार वा संरचनालाई नछुन, टावर वरिपरी नजान तथा घरेलु जनावर बाहिर नछाड्न आग्रह गरेको छ । खतराको सङ्केत गरिएका संरचनाबाट टाढा रहन र बालबालिकालाई सचेत गराउन अनुरोध गरिएको छ । परीक्षणका क्रममा झिल्का (स्पार्क) देखिएमा वा अन्य जोखिम महसुस भएमा नजिकको प्रहरी चौकी वा प्राधिकरणको कार्यालयमा जानकारी गराउनसमेत आग्रह गरिएको छ ।
प्राधिकरणका अनुसार यस आयोजनाको निर्माण रु चार अर्ब ५० करोड भन्दा बढी लागतमा सम्पन्न भएको आयोजना प्रमुख चौधरीले जानकारी दिए । आयोजना सञ्चालनमा आएपछि गुल्मी र बागलुङ जिल्लामा विद्युत् आपूर्ति थप विश्वसनीय र सुदृढ हुने अपेक्षा गरिएको उनले बताए । कपिलवस्तुको मोतिपुर सवस्टेसनबाट अर्घाखाँची हुँदै गुल्मीको उनाएचौर र मुसिकोटको पौदीअमराई भएर बुर्तिबाङसम्म विद्युत् प्रवाह हुने व्यवस्था मिलाइएको आयोजना प्रमुख चौधरीले बताए ।
यसअघि बुटवलमा रहेको सवस्टेसनबाट लामो दूरीमा जिल्लामा विद्युत् आपूर्ति हुँदा पटकपटक सेवा अवरुद्ध हुने गरेको थियो । नयाँ प्रसारणलाइन र सवस्टेसन सञ्चालनमा आएसँगै ती समस्या समाधान भई जिल्लामा सहज र दीर्घकालीन रूपमा विद्युत् सेवा नियमित हुने विश्वास गरिएको छ । रासस

# एम्बुलेन्सको भाडा बढेपछि स्थानीयको विरोध

**जुम्ला ।**
जुम्लाबाट नेपालगञ्जसम्म जानका लागि एम्बुलेन्सको भाडा रु २५ हजार तोकिएपछि स्थानीयले विरोध जनाएका छन् । जिल्ला एम्बुलेन्स समितिले आफूखसी भाडादर निर्धारण गरेको आरोप लगाउँदै स्थानीयले असन्तुष्टि जनाएका हुन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको एम्बुलेन्स सञ्चालन निर्देशिका, २०८२ बमोजिम जिल्ला एम्बुलेन्स समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी दीपक पौडेलको अध्यक्षतामा पुस २४ गते बसेको बैठकले जुम्ला जिल्लाभित्र सञ्चालन हुने एम्बुलेन्सहरूको भाडादर निर्धारण गरेको जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका निमित्त कार्यालय प्रमुख किरणकुमार शर्माले जानकारी दिए ।
निर्धारित भाडादरबारे जनगुनासो आएको स्वीकार गर्दै कार्यालय प्रमुख शर्माले भने, 'आवश्यक परेमा आगामी बैठकबाट पुनरावलोकन गर्न सकिन्छ । चन्दननाथ नगरपालिकाभित्र एम्बुलेन्सको भाडा रु छ सय, जिल्लाभित्र कच्ची सडकमा प्रतिकिलोमिटर रु १०० र पक्की सडकमा रु ९० (दुवैतर्फ) तोकिएको छ ।' त्यस्तै, जुम्लाका सम्पूर्ण स्थानदेखि सुर्खेतसम्म एम्बुलेन्स भाडा रु २० हजार र जुम्लाबाट नेपालगञ्जसम्म रु २५ हजार निर्धारण गरिएको प्रमुख शर्माले बताए ।
जिल्ला एम्बुलेन्स समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी पौडेलले दूरी र स्थानका आधारमा भाडादर निर्धारण गरिएको बताए ।
कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसहित जिल्लाका विभिन्न स्थानीय तहमा फरक–फरक श्रेणीका एम्बुलेन्स सञ्चालनमा रहेकाले भाडामा एकरूपता ल्याउन समिति सक्रिय भएको प्रजिअ पौडेलको भनाइ छ । सिंजा, तिला, हिमा गाउँपालिका तथा चन्दननाथ नगरपालिकाले जिल्ला एम्बुलेन्स समितिले तोकेको भाडादर कार्यान्वयन गर्ने भन्दै सार्वजनिक सूचना जारी गरिसकेका छन् । तर सुर्खेत र नेपालगञ्जसम्मको भाडा अत्यधिक महँगो भएको भन्दै स्थानीय असन्तुष्ट छन् । बिरामीलाई लक्षित सेवा नै यति महँगो हुँदा गरिब तथा विपन्न नागरिकको जीवनसँग खेलबाड भएको स्थानीयको गुनासो छ । जिल्ला एम्बुलेन्स समितिले भने भाडादर दूरी, इन्धन खर्च, मर्मतसम्भार तथा चालक खर्चलाई आधार मानेर निर्धारण गरिएको जनाएको छ । रासस

# मतदातालाई रिझाउन रणनीति तयार गर्दै उम्मेदवारहरू

चितवन ।
आसन्न निर्वाचन नजिकिँदै गर्दा राजनीतिक दल र तिनका उम्मेदवार र कार्यकर्ता मतदातासंगका भेटघाटमा व्यस्त छन् । यहाँका राजनीतिक दल र उम्मेदवारहरूले भोलि (सोमबार) देखि थप चुनावी प्रचारको तयारीमा जुट्ने आन्तरिक तयारी गरेका छन् । साथै उनीहरुले मतदातालाई आफ्नो पक्षमा कसरी रिझाउन भन्ने विषयमा रणनीति समेत तयार गर्दैछन् । स्थानीय समस्यालाई चुनावी कार्ययोजना बनाएका सबै दलले प्रचारलाई तीव्र बनाउनेगरी गृहकार्य गरिरहेका जानकारी दिएका छन् ।
तीन निर्वाचन क्षेत्र रहेको जिल्लामा तीनवटै क्षेत्रका टोल तहबाट प्रचार अभियानलाई तीव्र बनाउने गरी गृहकार्य गरिरहेको दलहरूको भनाइ छ ।
नेपाली कांग्रेस चितवनले प्रचार अभियानलाई टोल तहबाट सञ्चालन गर्ने गरी तयारी गरिरहेको जनाएको छ । पार्टीका जिल्ला सचिव ध्रुव पोखरेलले तीनवटै निर्वाचन क्षेत्रका क्षेत्रीय प्रचार कार्यालय सञ्चालन गरी विधिवत रूपबाट घरदैलो कार्यक्रम सुरुआत हुनजानकारी दिए । उनले भने, 'पार्टीका केन्द्रीय सभापति गगन थापा र केन्द्रीय प्रचार संयोजक देवराज चालिसेसँग समन्वय गरी ठूलो सभा गर्ने तयारी गरेका छौँ ।'
नेपाल कम्युनिष्ट पार्टी (एमाले) चितवनका इन्चार्ज देवी ज्ञवालीले सोमबारबाट वडा तहमा घरदैलोसँगै कोणसभा गर्ने तयारी रहेको जानकारी दिए । उनले भने, 'सभालाई केन्द्रीय नेताले सम्बोधन गर्ने सम्भावित कार्यसूचि रहेको छ ।' यसैगरी नेपाली कम्युनिष्ट पार्टी चितवनका संयोजक रामचन्द्र अधिकारीले सोमबारबाट नै घरदैलो, कोणसभा र सभा गर्नेगरी शनिबार तालिका तयार गर्न लागिएको जानकारी दिए । केन्द्रीय नेताहरूको उपस्थितिमा कहिले सभा गर्ने भन्ने टुङ्गो लागि नसकेको जनाउँदै उनले तीनवटै क्षेत्रमा प्रचार तीव्रगतिमा गराइने बताए ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केन्द्रीय सदस्य राजन गौतमले सोमबारबाट प्रचारप्रसारलाई तीव्र गर्नेगरी तयारी भइरहेको जानकारी दिए । उनले भने, 'घरदैलो, कोणसभा र सभाहरू गरिने जनाउँदै उनले केन्द्रीय नेताहरूको उपस्थितिमा बृहत सभा गरिने छ ।' अन्य राजनीतिक दलहरु र तिनका उम्मेदवारले पनि चुनावी प्रचारलाई तीव्रता दिने तयारी गरेको बताएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी, मङ¬्गोल नेसनल अर्गनाइजेसन, जनता समाजवादी पार्टी, आम जनता पार्टी, राष्ट्रिय जनमोर्चा, उज्यालो नेपाल पार्टी, जनमत पार्टी, प्रगतिशील लोकतान्त्रक पार्टी, श्रम संस्कृति पार्टी, नेसनल रिपब्लिकन नेपाल, नेपाल मजदुर किसान पार्टी, नागरिक उन्मुक्तिलगायतका पार्टी र स्वतन्त्र उम्मेदवारले चुनावी प्रचार तीव्र पार्ने तयारी गरेका छन् ।
जिल्ला निर्वाचन कार्यालयका अनुसार यही फागुन २१ गते हुने निर्वाचनमा जिल्लाका तीनवटा निर्वाचन क्षेत्रमा चार लाख ४२ हजार ८२ जना मतदाता रहेका छन् । यसमा दुई लाख १७ हजार ३१४ पुरुष र दुई लाख २४ हजार ७६६ महिला एवं दुई जना तेस्रो लिङ्गी रहेका छन् । उनीहरूले १६२ वटा स्थल र ४९४ वटा केन्द्रबाट मतदान गर्नेछन् । निर्वाचन कार्यालयका प्रमुख भीमसेन कार्कीले प्रतिनिधिसभा निर्वाचन २०७९ को निर्वाचनको तुलनामा यस वर्ष हुने प्रतिनिधिसभा निर्वाचनमा ३३ हजार ७४० नयाँ मतदाता थपिएका छन् भने ३४ वटा मतदान केन्द्र थप भएको बताए ।
क्षेत्र नं १ मा एक लाख ४९ हजार ६२१ मतदाता छन् । यसमा ७६ हजार ७६१ पुरुष र ७५ हजार ८६० जना महिला रहेका छन् । यस क्षेत्रमा ५६ मतदानस्थल र १६८ मतदान केन्द्र रहेका छन् । यस्तै क्षेत्र नं २ मा एक लाख ३७ हजार १५२ मतदाता रहेका छन् । तीमध्ये ६७ हजार ८५७ पुरुष र ६९ हजार २९४ महिला एवं एक जना तेस्रो लिङ्गी रहेका छन् । यहाँ ४८ स्थल र १५२ वटा केन्द्रबाट ती मतदाताले मतदान गर्नेछन् । क्षेत्र नं ३ मा एक लाख ५५ हजार ३०९ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । तीमध्ये ७५ हजार ६९६ पुरुष र ७९ हजार ६१२ महिला एवं एक जना तेस्रो लिङ्गी रहेका छन् । उनीहरूले ६३ स्थल र १७४ केन्द्रबाट मतदान गर्नेछन् । रासस

# महाशिवरात्रीमा वीरगंजदेखि...

परिसरमा भजन कीर्तन, दीप प्रज्वलन र धार्मिक प्रवचनले वातावरण आध्यात्मिक बनेको थियो ।
उता पर्साको ऐतिहासिक तथा चर्चित जिराभवानी मन्दिरमा पनि आइतबारदेखि शिवरात्री मेला प्रारम्भ भएको छ । सात दिनसम्म चल्ने यो मेलामा नेपालका विभिन्न जिल्लासहित भारतबाट समेत दर्शनार्थी आउने परम्परा छ । मेलामा धार्मिक अनुष्ठान, भजन कीर्तन, साधुसन्तको प्रवचन र सांस्कृतिक कार्यक्रम आयोजना गरिएको छ । स्थानीय व्यवसायीहरूका लागि समेत मेला आर्थिक गतिविधिको अवसर बनेको छ ।
यसैबीच, काठमाडौंस्थित पशुपतिनाथ मन्दिर क्षेत्रमा सुरक्षाकर्मीको बाक्लो उपस्थिति देखिएको थियो । महाशिवरात्रीका अवसरमा दर्शनार्थीहरूको अत्यधिक भीडलाई व्यवस्थापन गर्न ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार उच्श्रृङ्खल गतिविधि, पाकेटमारी, धकेलाधकेल तथा गाँजा सेवनमा संलग्न १३८ जनालाई नियन्त्रणमा लिइएको छ । प्रहरीका अनुसार पर्वको मर्यादा भंग गर्ने, भीडमा अव्यवस्था सिर्जना गर्ने र आपराधिक गतिविधिमा संलग्न हुनेलाई कडाइका साथ नियन्त्रण गरिएको हो । आइतबार बिहानैदेखि पशुपति क्षेत्रमा दर्शनार्थीहरूको लामो लाइन लागेको छ भने साधुसन्तहरूको उपस्थितिले क्षेत्र थप आकर्षक बनेको छ ।
देशका विभिन्न भागमा आइतबार रातभर जाग्राम बस्ने, भजन कीर्तन गर्ने र शिवपुराण पाठ गर्ने कार्यक्रम तय छन् । महाशिवरात्री केवल धार्मिक आस्थाको पर्व मात्र नभई सामाजिक सद्भाव, संयम र आत्मशुद्धिको सन्देश बोकेको दिनका रूपमा मनाइँदै आएको छ । श्रद्धा र अनुशासनबीच मनाइँदै गरेको यस वर्षको महाशिवरात्रिले भक्तजनमा आध्यात्मिक ऊर्जा थप्नुका साथै देशभर शान्ति र समृद्धिको कामना गरेको विश्वास गरिन्छ ।

# मत माग्न दलित बस्तीमा ...

प्रतिनिधि सभा निर्वाचन हुन लागेको छ । चुनाव नजिकिँदा राजनीतिक दल र उम्मेदवारहरू दलित तथा पिछडिएका बस्तीमा पुग्ने क्रम ह्वात्तै बढेको छ । तर, भोट लिएपछि फर्केर नआउने जनप्रतिनिधिहरू अहिले भने राति अबेरसम्म घरदैलो अभियानमा व्यस्त देखिन्छन् ।
मधेशका आठवटै जिल्लामा दलित र आर्थिक रूपमा विपन्न समुदायको उल्लेख्य बसोबास छ । धेरै बस्तीमा आधारभूत सुविधा अभावग्रस्त छन् । केही चापाकल बाहेक सुरक्षित खानेपानीको भरपर्दो व्यवस्था छैन भने खुला स्थान नै शौचालयको विकल्प बनेको छ । गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा र स्थायी रोजगारीको पहुँचबाट उनीहरू अझै टाढा छन् ।
नागरिकता अभावका कारण कतिपय दलित परिवारले विवाह दर्ता, जन्म दर्ता, अपाङ्गता परिचयपत्र तथा सहुलियत दरमा रासन–पानीजस्ता
सेवासुविधासमेत पाउन सकेका छैनन् । आवास व्यवस्थापनदेखि आधारभूत अधिकार सुनिश्चिततासम्मका विषयमा राज्यले चासो नदिएको उनीहरूको आरोप छ ।
मधेशमा कुल ३६ लाख ३६ हजार ४ सय २४ मतदातामध्ये १७ प्रतिशतभन्दा बढी दलित समुदायका छन् । आर्थिक रूपमा शोषित, सामाजिक रूपमा बहिष्कृत र शैक्षिक रूपमा पछाडि पारिएको यही समुदाय निर्वाचनका बेला भने सबै दलको प्राथमिकतामा पर्छ ।
गरिबीको तथ्यांक हेर्दा रौतहटमा ३२.३३ प्रतिशत, सर्लाहीमा २६.७ प्रतिशत, बारामा २५.८२ प्रतिशत, सप्तरीमा २५.३७ प्रतिशत, धनुषामा २०.९ प्रतिशत र महोत्तरीमा २४.१ प्रतिशत जनसंख्या गरिबी रेखामुनि रहेको देखिन्छ । यीमध्ये अधिकांश जिल्ला मधेश प्रदेशमै पर्छन् ।
निर्वाचनको रौनकसँगै दलित बस्तीमा आश्वासनको चहलपहल बढे पनि चुनावपछिको व्यवहार कस्तो हुन्छ भन्ने प्रश्न भने यथावत् छ ।

# सर्लाही–३ मा कडा प्रतिस्पर्धाको...

भने संगठनात्मक आधार बलियो मानिएको सर्लाही–३ मा श्रेष्ठलाई अघि सारिएको हो।
२०७९ मा एमाले–जसपा गठबन्धनका उम्मेदवार हरि उप्रेती ३२ हजार ९३८ मतसहित विजयी भएका थिए । उनका निकटतम प्रतिस्पर्धी कांग्रेस–माओवादी गठबन्धनका नरेन्द्र साह कलवार ३२ हजार १६८ मत ल्याएर मात्र ७७० मतान्तरले पराजित भएका थिए।
जनमत पार्टीले ५ हजार ५१९ र रास्वपाले ३ हजार ५६६ मत पाएको थियो । यसपटक उप्रेती पुनः एमालेबाट मैदानमा छन् भने कलवार रास्वपाबाट उम्मेदवार बनेका छन् । अघिल्लो चुनावमा गठबन्धनका कारण प्रत्यक्ष उम्मेदवारी नदिएको कांग्रेसले विनोदकुमार खनाललाई अघि सारेको छ । जसपा नेपालबाट जयप्रकाश राय र जनमत पार्टीबाट सुनिलप्रसाद गुप्तासहित ३४ जना प्रतिस्पर्धामा छन्।
२०७९ मा समानुपातिकतर्फ माओवादी केन्द्र १५ हजार ४७१ मतसहित पहिलो र एमाले १५ हजार ६ मतसहित दोस्रो बनेका थिए। जसपा नेपालले १२ हजार ७९, कांग्रेसले ९ हजार ९७९, रास्वपाले ६ हजार ९६२ र जनमतले ६ हजार ९३१ मत पाएका थिए । यही आधार र स्थानीय तहमा देखिएको संगठनात्मक उपस्थिति नेकपाको आशाको आधार बनेको छ।
१ लाख ३४ हजार ४१२ मतदाता रहेको सर्लाही–३ मा हरिवन, बागमती, चक्रघट्टा, बरहथवा, कविलासी नगरपालिका तथा बसबरिया गाउँपालिका र हरिपुर नगरपालिकाका केही वडा समेटिएका छन् । बागमती र हरिवनलाई माओवादी प्रभाव क्षेत्र मानिन्छ । ५१ वडा रहेको यस क्षेत्रमा कांग्रेस र माओवादीले १५–१५, एमाले र जसपाले ९–९, एकीकृत समाजवादीले २ र बहुजन पार्टीले १ वडा जितेका छन्।
जानकारका अनुसार यहाँ माओवादीभित्रको जनमोर्चा पृष्ठभूमिका नेताहरूको प्रभाव बलियो छ। स्वयं श्रेष्ठ पनि त्यही राजनीतिक धारबाट आएका नेता भएकाले त्यसको लाभ लिन सक्ने आकलन गरिएको छ। समानुपातिक र राष्ट्रियसभा निर्वाचनमार्फत संसदमा पुगेका श्रेष्ठ विभिन्न सरकारमा गृहमन्त्री, उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीजस्ता जिम्मेवारीमा रहे । तर प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुने चाहना भने अधुरै रहँदै आएको छ।
सर्लाही–३ बाट उम्मेदवारी घोषणा गर्नु त्यही आकांक्षा पूरा गर्ने प्रयासका रूपमा बुझिएको छ।
तर चुनाव अंकगणितसँगै मनोविज्ञानको खेल पनि हो । २०७९ मा झिनो मतान्तरले जितेका उप्रेती, बलियो प्रतिस्पर्धी बनेका कलवार र कांग्रेसका उम्मेदवारबीचको त्रिकोणीय भिडन्तले परिणाम पेचिलो देखिएको छ । मधेशी समुदाय बहुल क्षेत्रमा पहाडी उम्मेदवार उठाएको भन्दै जसपा नेपालले आलोचना गरिरहेको छ। यता श्रेष्ठ समर्थकहरू भने गृहमन्त्री हुँदा मिटरब्याज पीडितका पक्षमा खेलेको भूमिकाले मधेशमा सकारात्मक प्रभाव पारेको दाबी गर्छन् । विपक्षीहरू बाहिरबाट आएका नेताले स्थानीय मुद्दा नबुझ्ने तर्क गर्छन्।
अन्ततः सर्लाही–३ को परिणामले केवल एक सिटको जित–हार मात्र होइन, मधेशमा वाम राजनीतिको भविष्य, मतदाताको प्राथमिकता र नारायणकाजी श्रेष्ठको राजनीतिक यात्राको अर्को अध्याय निर्धारण गर्नेछ।

# पर्सा–३ मा चौधरी र पाण्डेबीच कडा प्रतिस्पर्धा




मधेशदृष्टि
वीरगंज ।
प्रतिनिधिसभा निर्वाचनको मिति नजिकिँदै जाँदा पर्सा निर्वाचन क्षेत्र नम्बर–३ मा चुनावी माहोल तातेको छ ।
यस क्षेत्रमा मुख्य प्रतिस्पर्धा नेपाली कांग्रेसका उम्मेदवार सुरेन्द्र चौधरी र नेपाल कम्युनिस्ट पार्टी (एमाले) का उम्मेदवार रुपेश कुमार पाण्डे बीच हुने आकलन गरिएको छ ।
राजनीतिक विश्लेषक तथा स्थानीय कार्यकर्ताहरूका अनुसार यसपटक पर्सा–३ मा कडा प्रतिस्पर्धाको संकेत देखिएको छ । गत २४ गते गादीमा आयोजित एमालेको सभामा देखिएको जनसहभागिताले विपक्षी दलहरूलाई दबाबमा पारेको चर्चा भइरहेको छ ।
पार्टीभित्र एकता कायम रहन सके एमाले उम्मेदवार पाण्डेको सम्भावना बलियो रहने एमाले निकट स्रोतको दाबी छ ।
हालै एमाले पृष्ठभूमिका अनुभवी नेता प्रह्लाद गिरी पार्टी प्रवेश गरेपछि संगठन थप सुदृढ भएको बताइएको छ ।
पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य प्रमोद जयसवाल को नेतृत्वमा गठित मुख्य चुनाव परिचालन समितिले आन्तरिक एकता कायम राख्न सके परिणाम अनुकूल हुने एमाले कार्यकर्ताहरूको विश्वास छ ।
एमालेभित्रका विभिन्न तहका नेताहरू वर्तमान पालिका प्रमुख जसवन्त यादव, पूर्व प्रमुख प्रदीप जयसवाल, पटेर्वा सुगौलीका पूर्व प्रमुख हरिनारायण चौधरी, पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहान तथा पकाहा मैनपुरका पूर्व प्रमुख विजय चौरसिया लगायतबीच समन्वय भए पार्टीको पुरानो आधार बलियो हुने विश्लेषण गरिएको छ ।
उता कांग्रेसभित्रको आन्तरिक मनमुटाव, युवा मतदाताको अपेक्षाप्रति पुराना नेतृत्वको कमजोरी तथा विकासका विषयमा असन्तुष्टि जस्ता कारणले कांग्रेस उम्मेदवार चौधरी दबाबमा परेको टिप्पणी सुनिन थालेको छ ।
यसैबीच राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार रामाकान्त चौरसियाको उम्मेदवारीले विशेषगरी कांग्रेस मतमा असर पार्ने चर्चा छ । स्थानीय वृत्तमा उनको प्रभाव 'भोट कटुवा' का रूपमा सीमित रहने आकलन गरिएको छ ।
स्थानीय राजनीतिक वृत्तका अनुसार युवा, विद्यार्थी, महिला, किसान तथा मजदुर वर्गका मतदातालाई आकर्षित गर्न सके पाण्डेको सम्भावना अझ बलियो बन्ने देखिन्छ । गत निर्वाचनमा एमालेका उम्मेदवार राजकुमार गुप्ताले विजय हासिल गरेको पृष्ठभूमिले पनि पार्टीलाई आफ्नो प्रतिष्ठा जोगाउन थप दबाब सिर्जना गरेको बताइन्छ ।
समग्रमा, पर्सा–३ मा चुनावी प्रतिस्पर्धा दिनप्रतिदिन रोचक बन्दै गएको छ । अन्तिम परिणाम पार्टी एकता, मतदाताको मनोविज्ञान तथा चुनावी रणनीतिमा निर्भर रहने विश्लेषकहरूको भनाइ छ ।

# चैनपुर टोलमा सुशील कानुको घरदैलो स्वास्थ्य र रोजगारी मुख्य एजेण्डा



मधेशदृष्टि
वीरगंज ।
पर्सा निर्वाचन क्षेत्र नम्बर–२ अन्तर्गत पर्सागढी नगरपालिका वडा नम्बर–६ स्थित चैनपुर टोलमा राष्ट्रिय स्वतन्त्र पार्टी का प्रतिनिधिसभा सदस्य उम्मेदवार सुशील कुमार कानु ले घरदैलो कार्यक्रमलाई निरन्तरता दिएका छन् । प्रतिनिधिसभा निर्वाचनलाई लक्षित उक्त कार्यक्रममा स्थानीयवासीहरूको उल्लेखनीय सहभागिता देखिएको थियो ।
घरदैलोका क्रममा उम्मेदवार कानुले स्थानीय जनतासँग प्रत्यक्ष भेटघाट तथा संवाद गर्दै क्षेत्रका विद्यमान समस्या, आवश्यकता र अपेक्षाहरूबारे जानकारी लिएका थिए ।
उनले रास्वपा नेतृत्वमा आएपछि स्वास्थ्य सेवाको सुधार, शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने तथा युवाहरूका लागि स्थायी र दिगो रोजगारी सिर्जना गर्ने विषयलाई प्राथमिकताका साथ अघि बढाइने विश्वास व्यक्त गरे ।
कानुले विकास, रोजगारी, शिक्षा र कृषिलाई आफ्नो मुख्य एजेन्डाका रूपमा प्रस्तुत गर्दै जनताको आवश्यकता अनुसार नीतिगत तथा व्यवहारिक रूपमा काम गर्ने प्रतिबद्धता जनाए । 'स्वास्थ्य र शिक्षा बलियो भए मात्रै समाज र राष्ट्र समृद्ध बन्छ,' उनले भने, 'स्थानीय तहमा प्रभावकारी सेवा पुर्‍याउन र युवालाई रोजगारीमा जोड्न विशेष कार्यक्रम ल्याइनेछन् ।'
उम्मेदवार कानुले कृषकहरूको समस्या समाधानका लागि समयमै मल उपलब्धता, सिँचाइ सुविधा विस्तार तथा उत्पादनलाई बजारसम्म पुर्‍याउने व्यवस्था मिलाइने उल्लेख गरे । साथै युवालाई सीपमूलक तालिम, स्वरोजगार र उद्यमशीलतामा जोड्ने योजनालाई प्राथमिकतामा राखिने उनको भनाइ थियो ।
घरदैलो कार्यक्रममा सहभागी स्थानीयवासीहरूले नयाँ राजनीतिक संस्कार, पारदर्शिता र जवाफदेही नेतृत्व आवश्यक भएको प्रतिक्रिया दिएका थिए । परिवर्तनमुखी एजेन्डा बोकेको रास्वपाप्रति भरोसा बढ्दै गएको उनीहरूको भनाइ थियो ।
उम्मेदवार कानुले समावेशी विकास, सुशासन र अवसर सिर्जनालाई केन्द्रमा राखेर अघि बढिरहेको रास्वपालाई विजयी बनाउन स्थानीय मतदाताहरूलाई आग्रह गर्दै, जनताबाट प्राप्त सुझाव र अपेक्षालाई घोषणापत्र तथा भावी कार्ययोजनामा समेटने प्रतिबद्धतासमेत व्यक्त गरे ।

# ओमप्रकाश सरार्फको पक्षमा युवाहरूको भव्य समर्थन र प्रवेश



मधेशदृष्टि
वीरगंज ।
आगामी निर्वाचनको तयारीका क्रममा पर्सा क्षेत्र नम्बर १ मा युवाहरूको उत्साहजनक सहभागिता देखिएको छ । आइतबार विभिन्न वडाका दुई दर्जनभन्दा बढी जेन्जि पुस्ताका युवाहरूले जनमत पार्टीमा प्रवेश गरी पार्टीका उम्मेदवार ओमप्रकाश सरार्फलाई विजयी गराउन आफ्नो पूर्ण समर्थन र प्रतिबद्धता व्यक्त गरेका छन् ।
वीरगन्ज–२० का शत्रुधन यादव र वीरगन्ज–१३ का प्रन्जल ठाकुरको नेतृत्वमा युवाहरू स्वस्फूर्त रूपमा पार्टी प्रवेशमा सहभागी भएका थिए । उनीहरूले आफूहरूको राजनीतिक चेतना र समाजसेवामा सक्रिय भई पार्टीको आगामी अभियानलाई सशक्त बनाउन योगदान दिने प्रतिबद्धता जनाएका छन् ।
नव प्रवेशी युवाहरूलाई ओमप्रकाश सरार्फ सहित पार्टीका वरिष्ठ नेता रम्भा मिश्रा, भुपेन्द्र साह, डा. मनोज कुमार र युवा नेताहरू मनोज साह, अजित सिंहले स्वागत गरेका थिए ।
स्वागत समारोहमा नेताहरूले युवाहरूलाई पार्टीको अभियानमा सक्रिय भूमिकामा लाग्न प्रेरित गर्दै आगामी निर्वाचनमा क्षेत्र नम्बर १ मा विजय सुनिश्चित गर्ने रणनीतिमा एकसाथ काम गर्न आग्रह गरे ।
युवाहरूले भने, 'हामीले हाम्रो ऊर्जा र क्षमतालाई जनमत पार्टीको सेवा र क्षेत्रको विकासमा समर्पित गर्नेछौं । हाम्रो उद्देश्य ओमप्रकाश सरार्फलाई जिताएर क्षेत्रलाई सामाजिक, आर्थिक र राजनीतिक दृष्टिले अघि बढाउनु हो ।'
यो कदमले न केवल पार्टीको जनसमर्थन बढाएको छ, तर युवा पुस्ताको राजनीतिक चेतना र सक्रियताको पनि प्रमाण दिएको छ । नव प्रवेशी युवाहरूको यो जोश र प्रतिबद्धताले आगामी निर्वाचनमा जनमत पार्टीलाई निर्णायक बल प्रदान गर्ने अपेक्षा गरिएको छ । जनमत पार्टीले युवा शक्ति, सामाजिक उत्तरदायित्व र समर्पणमार्फत पर्सा–१ मा आफ्नो प्रभाव सुदृढ गर्दैछ । युवाहरूको उत्साह र सक्रियताले पार्टीको अभियानलाई नयाँ गति दिएको छ र क्षेत्रको विकासमा सकारात्मक परिवर्तन ल्याउने विश्वास बढाएको छ ।

# वीरगंज–१३ मा नेकपा एमालेमा सयौंजना प्रवेश



मधेशदृष्टि
वीरगंज ।
वीरगंज महानगरपालिका वडा नं. १३ मा आयोजित एक कार्यक्रमबीच जनता समाजवादी पार्टी, नेपाल (जसपा) परित्याग गरी सयौं नेता–कार्यकर्ता नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्र्सवादी–लेनिनवादी) (एमाले) मा प्रवेश गरेका छन् ।
कार्यक्रममा जसपा नेपालका भोला अंसारी, नबी रसूल अंसारी र मुन्ना अंसारीलगायतका युवा नेताहरूको नेतृत्वमा करिब सय जनाको संख्यामा नेता–कार्यकर्ता एमालेमा समाहित भएका हुन् । पार्टी प्रवेश कार्यक्रममा पर्सा निर्वाचन क्षेत्र नं. १ का उम्मेदवार प्रदीप यादव तथा नेकपा एमालेका केन्द्रीय नेताहरूले नवप्रवेशीहरूलाई फुल माला र गमछा लगाएर स्वागत गरेका थिए । उम्मेदवार यादवले देश विकास, सुशासन र 'समृद्ध नेपाल'को साझा लक्ष्यलाई आत्मसात गर्दै नेताहरू पार्टीप्रति प्रतिबद्ध भएको बताए । सचेत र ऊर्जावान युवाहरूको आगमनले विकास अभियानलाई अझ बलियो बनाएको उल्लेख गर्दै उनले सबैको एकता, सामूहिक प्रयास र दृढ संकल्पबाट जनताको विश्वासलाई सार्थक बनाउँदै राष्ट्र निर्माणको यात्रामा अझ सशक्त रूपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।
प्रदीप यादव उम्मेदवार बनेपछि निरन्तर अन्य पार्टी परित्याग गरी नेताहरू एमाले प्रवेश गरि रहेका कारण पार्टी र उम्मेदवार झनै सशक्त बन्दै गएको एमालेका नेताहरूले दावी गरेका छन् ।

# अवैध घरेलु मदिराको कारोबार तीव्र

मधेशदृष्टि
वीरगंज ।
प्रतिनिधि सभाको निर्वाचन नजिकिँदै जाँदा पर्सा जिल्लाका ग्रामीणदेखि सहरी क्षेत्रसम्म अवैध घरेलु मदिराको कारोबार तीव्र रूपमा बढ्दै गएको छ । विगत छ महिनाअघि सक्रिय रूपमा सञ्चालन गरिएको 'मदिरा भट्टी नष्ट गर्ने' अभियान पछिल्लो समय सुस्ताएपछि अवैध मदिरा उत्पादन र बिक्री–वितरण फस्टाएको स्थानीयवासीले गुनासो गरेका छन् ।
स्थानीयका अनुसार पर्साका विभिन्न दुर्गम तथा सुगम स्थानहरू अहिले घरेलु मदिरा उत्पादनको केन्द्र बनेका छन् । झबराहा, चाफी, रामभौडीभाठा, पटेर्वा, बेलवा, गादी, मोडटोल, सिधपुर, महुवन, हरैया, सुवर्णपुर, विजयबस्ती, गोपी बस्ती र ठोरीलगायत क्षेत्रहरूमा ठूलो परिमाणमा मदिरा उत्पादन हुने र जिल्लाका विभिन्न चोक, चौराहा तथा बजारहरूमा निर्बाध रूपमा बिक्री हुने गरेको छ ।
त्यसैगरी सीमावर्ती क्षेत्रदेखि भित्री बजारसम्म रातको १२ बजेसम्म मदिरा पसलहरू खुला रहने गरेको बताइएको छ । जानकीटोला, भिस्वा, पोखरिया, बहुअर्वा, बिन्दवासनी, सेढवा, मनिहर्वा, देवरिया, सुगौली, रंगपुरटाँडी, महुवन, श्रीपुर पंचगावा, परवानीपुर, गण्डक, जितपुर र सिमरालगायत क्षेत्रमा अवैध व्यापार बढ्दै गए पनि सुरक्षा निकायले खासै चासो नदेखाएको स्थानीयको आरोप छ ।
यस विषयमा पर्सा जिल्लाका प्रहरी उपरीक्षक सुदीपराज पाठकसँग बुझ्दा उनले प्रहरीले नियमित रूपमा कारबाही गरिरहेको दाबी गरे । उनका अनुसार सूचना प्राप्त हुनेबित्तिकै अवैध गतिविधि नियन्त्रणका लागि प्रहरी सक्रिय छ । तर स्थानीयवासी भने प्रहरीको दाबी र वास्तविक अवस्था फरक रहेको बताउँछन् । निर्वाचनको समयमा मदिराको दुरुपयोग बढ्ने र यसले चुनावी सुरक्षामा समेत असर पार्ने भएकाले समयमै कडा कदम चाल्न नागरिक समाजले माग गरेको छ ।

# मौलापुरमा मधानी महायज्ञ सुरु

मधेशदृष्टि
रौतहट ।
रौतहटको मौलापुर नगरपालिका–स्थित पतौराधाम महादेव मन्दिरमा आजदेखि मधानी महायज्ञ सुरु भएको छ । भगवान् शिव–पार्वतीको विवाह उत्सवका रूपमा मनाइने यो महायज्ञ तीन दिनसम्म धार्मिक तथा सांस्कृतिक कार्यक्रमसहित सञ्चालन हुनेछ ।
मौलापुर नगरपालिकाको आयोजनामा भएको महायज्ञअन्तर्गत पहिलो दिन शिव–पार्वतीको बरात यात्रा निकालिएको छ । बरात यात्रामा प्रभु साह, मौलापुर नगरपालिकाकी मेयर रिना साहसहित नेपाल र भारतका भक्तजनको सहभागिता रहेको थियो ।
मेयर साहका अनुसार पतौराधाम धार्मिक, सांस्कृतिक र ऐतिहासिक गन्तव्यका रूपमा विकास गर्दै विश्वसम्पदा सूचीमा सूचीकृत गराउने लक्ष्यसहित महायज्ञ आयोजना गरिएको हो । मधानी महायज्ञमा शिवमण्डलीको प्रस्तुति, धार्मिक अनुष्ठान तथा सांस्कृतिक कार्यक्रम हुनेछन् ।
कार्यक्रममा नेपाल र भारतका लाखौं दर्शनार्थी सहभागी हुने अपेक्षा गरिएको छ भने सुरक्षा व्यवस्था कडा बनाइएको सुरक्षा निकायले जनाएको छ ।

# मोटरसाइकल दुर्घटनामा दुईको मृत्यु

मधेशदृष्टि
रौतहट ।
रौतहटमा आइतबार बिहान मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ ।
दुर्गाभगवती गाउँपालिका वडा नं. ४ स्थित गौर–गंगापिपरा सडकखण्ड अन्तर्गत झाझपुल नजिकै मोटरसाइकल दुर्घटना हुँदा श्रीमान्–श्रीमतीको मृत्यु भएको हो ।
बिहान करिब साढे पाँच बजेको समयमा गंगापिपराबाट गौरतर्फ आउँदै गरेको भारतीय बिआर ३० यु १३७१ नम्बरको मोटरसाइकल सडकबाट करिब ५० मिटर तल सिसौको रुखमा ठोक्किँदा दुर्घटना भएको प्रहरीले जनाएको छ ।
दुर्घटनामा मोटरसाइकल चालक यमुनामाई गाउँपालिका–४ सरुअठाका २४ वर्षीय जितेन्द्र साह र २१ वर्षीया उनकी श्रीमती गम्भीर घाइते भएका थिए । दुवै जनाको उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जानकारी दिएको छ ।

# पर्साको ग्रामीण क्षेत्रमा गाँजाखेती फैलियो

मधेशदृष्टि
वीरगंज ।
पर्साका ठोरी, पटेर्वा सुगौली र सखुवा प्रसौनी गाउँपालिका सहित विभिन्न ग्रामीण क्षेत्रमा अवैध रूपमा गाँजा खेती फैलिएको पाइएको छ । स्थानीयका अनुसार ऐलानी तथा पर्ती जग्गा मात्र नभई निजी खेतबारी र सुर्ती खेतीका बिचमा समेत लुकाएर परम्परागत ढंगले गाँजा खेती गर्ने गरिएको छ ।
स्थानीय प्रहरी प्रशासनले प्रभावकारी निगरानी नगरेको गुनासो बढेपछि विषय जिल्ला प्रहरी कार्यालयसम्म पुगेको थियो । त्यसपछि जिल्ला प्रहरी कार्यालय पर्साले फँडानी अभियानलाई पुनः तीव्र बनाएको छ । प्रहरी उपरीक्षक सुदिपराज पाठकको निर्देशनपछि केही समय शिथिल बनेको अभियान पुनः सक्रिय रूपमा सञ्चालन भइरहेको जनाइएको छ ।
प्रहरी उपरीक्षक पाठकले अवैध गाँजा खेती र कारोबार नियन्त्रणका लागि प्रहरीको प्रयास मात्र पर्याप्त नहुने उल्लेख गर्दै स्थानीय समुदाय र जनप्रतिनिधिको सहकार्य आवश्यक रहेको बताए ।

# सात महिनामा १ खर्ब ३५ अर्ब बढि राजस्व संकलन

मधेशदृष्टि
वीरगंज ।
वीरगंज भन्सार कार्यालयले चालु आर्थिक वर्षको सात महिनामा एक खर्ब ३५ अर्ब ४८ करोड राजस्व संकलन गरेको छ । कार्यालयले चालु आवको सात महिनासम्म एक खर्ब ५३ अर्ब ८४ करोड राजस्व संकलन गर्ने लक्ष्य राखे पनि सो अवधिसम्म लक्ष्यको ८८.०७ प्रतिशत राजस्व संकलन गरेको हो ।
वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार चालु आवको सात महिनामा कार्यालयको भन्सार संकलनमा उत्साहजनक भएको छ । कार्यालयले साउनमा १८ अर्ब ४४ करोड, भदौमा २० अर्ब ७३ करोड, असोज महिनामा १९ अर्ब नौ करोड राजस्व संकलन भएको थियो ।
त्यस्तै, कात्तिकमा १७ अर्ब ३३ करोड र मंसिरमा २० अर्ब ८० करोड राजस्व संकलन भएको छ । त्यस्तै, पुसमा पनि २० अर्ब २० करोड राजस्व संकलन गरेको छ ।

सम्पादकीय

## मधेश प्रदेश प्रहरी कार्यालयः

# जब प्रणाली नै प्रश्नको घेरामा पर्छ !

सुरक्षासंस्थामाथि उठ्ने आरोप सामान्य विषय होइन । अझ प्रहरी संगठनभित्रैबाट प्रणालीगत विकृति, असुली संयन्त्र, मनपरी सरुवा र आदेश श्रृंखलाको दुरुपयोगजस्ता गम्भीर प्रश्न उठ्न थालेपछि त्यो केवल व्यक्तिको आचरणको मुद्दा रहँदैन त्यो संस्थाको चरित्र र विश्वसनीयताको परीक्षा बन्छ । मधेश प्रदेश प्रहरी कार्यालयसँग जोडिएको पछिल्लो विवाद यही कोणबाट हेर्नुपर्ने अवस्था आएको छ । घुमुवा प्रणाली, सिभिल परिचालन र अधिकार वितरणमा देखिएको कथित असन्तुलनले प्रहरी संगठनभित्रै असहजता बढाएको संकेत मिलिरहेको छ । यदि एक अधिकारीको नाम बारम्बार असुली, तस्करी 'लाइन' र सरुवा रमाना खेलसँग जोडिन्छ भने प्रश्न स्वाभाविक उठ्छ के यो सबै एक्लो व्यक्तिको साहस हो, कि प्रणालीकै मौन स्वीकृति ?

प्रहरी संगठन आदेश श्रृंखलामा चल्छ । तर आदेश श्रृंखला पारदर्शी र उत्तरदायी नहुँदा त्यो नै शक्ति केन्द्रीकरणको औजार बन्न सक्छ । 'डीआईजीको आदेश' भन्दै कर्मचारी तान्ने, कुरा नमिल्दा गणमा पठाउने र मिल्दा तुरुन्त फिर्ता गर्ने अभ्यास यदि यथार्थ हो भने त्यो संस्थागत अनुशासन होइन त्यो भयको प्रशासन हो । भयबाट केही समय नियन्त्रण सम्भव होला, तर दीर्घकालीन स्थायित्व र जनविश्वास कहिल्यै सम्भव हुँदैन । सबैभन्दा चिन्ताजनक पक्ष घुमुवा प्रणालीको छ । सादा पोशाकमा परिचालन गरिने संयन्त्र अपराध नियन्त्रणका लागि हो, आर्थिक संकलन वा आन्तरिक दबाब सिर्जनाका लागि होइन । तर स्पष्ट मापदण्ड, लिखित जिम्मेवारी र प्रभावकारी निगरानीबिना सञ्चालन हुँदा यही प्रणाली दुरुपयोगको उर्वर भूमिमा परिणत हुन सक्छ।

प्रहरीभित्रै 'दररेट'को चर्चा हुनु, सरुवालाई पुरस्कार दण्डको हतियार बनाइनु र उजुरीहरू थन्किनु यी संकेतहरू गम्भीर छन् । यी संकेतहरूलाई हल्का रूपमा लिनु संस्थाको भविष्यसँग खेल्नु हो । उजुरी परेपनि छानबिन अघि नबढ्ने अवस्था झन् खतरनाक हुन्छ । जब संगठनभित्रै 'उजुरी गरेपनि केही हुँदैन' भन्ने मनोविज्ञान बस्छ, त्यहाँ सुधारको ढोका बन्द हुन्छ।

मौनता नै संस्कार बन्छ । त्यही मौनताले गलत अभ्यासलाई वैधता दिन्छ । प्रहरी जस्तो संवेदनशील संस्थामा यो अवस्था अस्वीकार्य हुनुपर्छ । यो प्रसंगले अर्को कठोर प्रश्न पनि उठाउँछ के सरुवा र जिम्मेवारी वितरण पारदर्शी मापदण्डमा आधारित छ ? कि व्यक्तिगत निकटता र अनौपचारिक प्रभावले निर्णय गर्छ ? यदि संवेदनशील जिम्मेवारीहरू विवादित पात्रलाई पुनः दिइन्छ भने त्यसले संगठनभित्र कस्तो सन्देश दिन्छ ? योग्य र इमानदार अधिकारीहरूका लागि त्यो निरुत्साहको कारण बन्दैन ?

समाधान जटिल छैन, इच्छाशक्ति चाहिन्छ । पहिलो, सबै आरोपमाथि निष्पक्ष, स्वतन्त्र र समयबद्ध छानबिन अनिवार्य छ । दोस्रो, घुमुवा तथा सिभिल परिचालन प्रणालीलाई लिखित कार्यविधि, डिजिटल ट्र्याकिङ र बहु स्तरीय अनुमोदन प्रणालीमा बाँध्नुपर्छ । तेस्रो, आन्तरिक गुनासो सुनुवाइ संयन्त्रलाई प्रभावकारी र सुरक्षित बनाउनुपर्छ । चौथो, नेतृत्व तहले पारदर्शिता र जवाफदेहितामा स्पष्ट सन्देश दिनुपर्छ कुनै पनि व्यक्ति संस्थाभन्दा ठूलो छैन । प्रहरी संगठनको सबैभन्दा ठूलो पूँजी जनविश्वास हो । त्यो एकपटक गुमेपछि पुनः आर्जन गर्न वर्षौं लाग्छ।

मधेश प्रदेश प्रहरीसँग अहिले अवसर छ आरोपहरूलाई ढाकछोप गर्ने होइन, सामना गर्ने । प्रणाली सुधारको दिशामा साहसी कदम चाल्ने । नत्र आज उठेका प्रश्नहरू भोलि अझ ठूलो अविश्वासमा रूपान्तरण हुनेछन् । संस्था जोगाउने हो भने व्यक्ति होइन, प्रणाली सुध्रिनुपर्छ । अहिलेको बहस यही सत्यतर्फ फर्किएको छ।

# विस्थापन र अतिक्रमणबीचको दबाबमा वन संरक्षण

इन्द्राकुमारी केसी



**कैलाली।**
कैलालीको चुरे गाउँपालिका–४ पनेरुगडास्थित जङ्गलको बीच भागमा विश्नादेवी महराको परिवार पाँच वर्षदेखि पालमुनी आश्रय लिएर बस्दै आएको छ । विसं २०७७ मा चुरे गाउँपालिका–४ कै गौजनामा आएको पहिरोले उहाँको १६ रोपनी जमिनसहित घर र खेत बगाएपछि विश्नादेवीको परिवार विस्थापित हुनपु¥यो । विस्थापित भएपछि उनको परिवार जङ्गलमा आएर बस्यो । त्यहाँबाट वन कार्यालयले हटाएपछि केही समय गौशालामा बस्नुपरेको र त्यहाँबाट पनि हटाइएपछि फेरि यही पनेरुगडाकै जङ्गलमा फर्किएर बस्न बाध्य भएको विश्नादेवी बताउँछिन् । 'घर नै नभएपछि जङ्गलमै बस्नुपर्ने बाध्यता आयो,' उनी भन्छिन् । छोरी ठूलो भइसकेकाले जङ्गलमा बस्न असुरक्षित महसुस भएपछि उनले छोरीलाई आफन्त कहाँ राखेर पढाइरहेकी छिन् । दुई छोरासँगै जङ्गलमै बसिरहेकी विश्नादेवीका श्रीमान् रोजगारीका लागि भारतमा छन् । आफू भने मजदुरी गरेर परिवारको जीविकोपार्जन गर्दै आएको उनी बताउँछिन्।

भाडामा बस्ने क्षमता नभएको र जङ्गलमै बस्दा बच्चाहरूको भविष्य जोखिममा पर्ने चिन्ता उनीलाई छ । 'यहाँ बाघ र जङ्गली जनावरको डर छ,' उनी भन्छिन्, 'सामुदायिक वन समूहले यहाँबाट अन्तै जान पनि भन्छ । रहर कसलाई हुन्छ र ज्यान जोखिममा पारेर बस्न, तर जाने ठाउँ कतै छैन । बरु मारुन्, कतै जान्नँ ।' विश्नादेवी जस्तै कमला रोका मगरको परिवार पनि २०७७ सालदेखि यही पनेरुगडाकै जङ्गलमा पालमुनी जीवन बिताइरहेकी छिन् । हावाहुरी चल्दा रूख ढल्छ कि भन्ने त्रास राति जङ्गली जनावर आइपुग्छन् कि भन्ने ज्यानकै डरबीच दिन काट्नु उनको दैनिकी बनेको छ । 'उठेर जान पनि भन्छन्,' कमला भन्छिन्, 'तर जाने ठाउँ छैन । राम्रो घरमा बस्ने मन हाम्रो पनि छ, तर कहाँ जाने।'

यसै क्षेत्रमा चुरे गाउँपालिका–६ का डबल बहादुर कार्की पनि पालमुनि बस्दै आएका छन् । उनका अनुसार सुरुमा यहाँ धेरै विस्थापित परिवार थिए । 'कतिपय रोजगारीका लागि भारत गए, केही पहिरो गएको आफ्नै ठाउँतिर फर्किएर बसे,' उनी भन्छन्, 'हाम्रो त केही पनि छैन कहाँ जानु यहीँ बसिरहेका छौँ ।' पालिकाले हाल यहीँ बस्न भनेको भएपनि सुरक्षित र स्थायी बसोबासको कुनै सुनिश्चितता नभएको उनको गुनासो छ । पनेरुगडा क्षेत्रमा मात्रै यस्ता २५ भन्दा बढी परिवार पाल टाँगेर बसिरहेका छन् । चुरे गाउँपालिका–४ का वडाध्यक्ष चन्द्रबहादुर लामिछाने मगरका अनुसार २०७७ सालको बाढी पहिरो र अन्य दैवी प्रकोपका कारण विस्थापित ११६ परिवार पनेरुगडा, टाँकगडा, बालुवागडा चुरे–१ को खामाहाले र खानीडाँडालगायत क्षेत्रमा अस्थायी रूपमा बसोबास गर्दै आएका छन् । सुरुमा घरबारबिहीन भन्दै करिब सात सय परिवार वन क्षेत्रमा बसेको देखिए पनि गाउँपालिकाको छानविनपछि ११६ परिवार मात्रै पूर्ण रूपमा घरबारविहीन पाइएका थिए।

वन कार्यालयले २०७९ सालमा अतिक्रमण भन्दै धेरैलाई हटाए पनि वास्तविक पीडित भने अझै जङ्गलमै बस्न बाध्य छन् । वडाध्यक्ष लामिछाने मगर भन्छन्, 'विस्थापितहरूको समस्या गम्भीर छ।

तर स्थानीय तहसँग उनीहरूलाई तत्काल व्यवस्थापन गर्ने आफ्नै जमिन छैन । वन कार्यालयले हटाउन खोज्छ, तर उनीहरूको जाने ठाउँ छैन । यही कारण उनीहरू जोखिमपूर्ण अवस्थामा बस्न बाध्य छन् ।' यहाँ बस्ने बालबालिकाहरूको विद्यालय जान पनि चुनौतीपूर्ण छ । यहाँका बालबालिका गौरीगङ्गा नगरपालिका–३ मा रहेको शिव नमुना आधारभूत विद्यालयमा पढ्न जान्छन् । दीपेन्द्र महरा कक्षा ६ मा पढ्छन् । दीपेन्द्र भन्छन्, 'वर्षाको समयमा बाढी आएपछि विद्यालय जाँदैनौँ ।' रमेश बहादुर महरा पनि कक्षा ७ मा पढ्छन् । बिहानको समयमा स्कुल लाग्दा अभिभावकहरू आधा बाटोसम्म पु¥याउन जानुपरेको उनको भनाइ छ।

### बढ्दै वन अतिक्रमण

पहिरो, बाढी र अन्य दैवी प्रकोपबाट विस्थापित यी परिवारका लागि जङ्गल अतिक्रमण कुनै पनि हालतमा रोजाइ होइन, बाध्यता हो तर वन अतिक्रमणको समस्या यतिमा सीमित छैन । विस्थापनको नाममा मात्रै होइन, विभिन्न बहानामा कैलाली र कञ्चनपुरका वन क्षेत्रहरू अतिक्रमणको चपेटामा परिरहेका छन् । कैलालीको बसन्ता कोरिडोर, अत्तरिया, चिसापानी र कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज वरपरका क्षेत्र पछिल्ला वर्षहरूमा तीव्र अतिक्रमणको चपेटामा परेका उदाहरण हुन् । महालेखा परीक्षकको ६२ औँ वार्षिक प्रतिवेदन (२०८२) अनुसार देशभर करिब एक लाख चार हजार हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ । यसमध्ये ३८ प्रतिशतभन्दा बढी अतिक्रमण कैलाली जिल्लामा मात्रै देखिन्छ । वन अनुसन्धान तथा सर्वेक्षण विभाग (२०१५) को तथ्याङ्कअनुसार कैलालीको कुल क्षेत्रफल तीन लाख २८ हजार ७१६ हेक्टर रहेको छ । यसमध्ये झन्डै दुई तिहाई अर्थात् दुई लाख ५७३ हेक्टर वन क्षेत्रले ओगटेको छ । तर पछिल्ला आठ वर्षमा मात्रै करिब १७ हजार हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको सरकारी तथ्याङ्कले देखाउँछ।

'हाम्रो वन' प्रतिवेदन (२०७५) अनुसार कैलालीमा २१ हजार ४०४ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको थियो । हाल महालेखा परीक्षकको पछिल्लो प्रतिवेदनले यो आँकडा बढेर ३८ हजार ४० हेक्टर पुगेको उल्लेख गरेको छ । कैलालीसँगै डडेलधुरा र कञ्चनपुर पनि धेरै वन क्षेत्र अतिक्रमणमा परेको जिल्लामा पर्छन् । डडेलधुरामा हालसम्म १५ हजार १२० हेक्टर र कञ्चनपुरमा नौ हजार ८५९ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको तथ्याङ्क छ । विभिन्न सामुदायिक वनहरू अतिक्रमणको चपेटामा परिरहेका छन् । अतिक्रमण हटाउने प्रयास नगरेको पनि होइन । अतिक्रमण हटाए पनि पुन अतिक्रमण हुने गरेको बर्दगोरीया गाउँपालिका–६ स्थित मद्रेनीया सामुदायिक वनका अध्यक्ष हरिराम डगौरा बताउँछन् । उनी भन्छन्, 'सामुदायिक वनको तीन बिगाहा जमिन अतिक्रमणमा छ । स्थानीयले अतिक्रमण गरेर लगाएको बाली अघिल्लो पटक हामीले काटेर अतिक्रमित जमिन खाली गराएका थियौँ तर पुनः अतिक्रमण भइसकेको छ । हामी पटक पटक प्रयास गर्छौं, सचेत गराउँछौँ, तर स्थानीयहरूले फेरि अतिक्रमण गर्न छाड्दैनन् ।' उनका अनुसार, यस्तो दोहोरिने अतिक्रमणले सामुदायिक वन व्यवस्थापनमा चुनौती थपेको छ र वन संरक्षणका प्रयासलाई निरन्तरता दिन कठिन बनाएको छ।

कैलारी गाउँपालिका–२ स्थित जनहित सामुदायिक वनका अध्यक्ष वेदप्रसाद चौधरीका अनुसार बस्ती नजिकका वन क्षेत्रमा स्थानीयले जमिन विस्तार गर्दै गाईबस्तु बाँध्ने, दाउरा र पराल राख्ने, केरा लगाउने, छाप्रा बनाउने जस्ता गतिविधि बढ्दा अतिक्रमण फैलिएको छ । 'हाम्रो वनमा पनि अतिक्रमण भएको थियो,' उनी भन्छन्, 'समुदायको सक्रियतामा हटायौँ ।' यसले देखाउँछ सचेतना र स्थानीय सहभागिता भए अतिक्रमण नियन्त्रण सम्भव छ, तर त्यो सर्वत्र लागू हुन सकेको छैन।

### नीति, राजनीति र कार्यान्वयनबीच अल्झिएको वन संरक्षण

जनसंख्या वृद्धि, पहाडबाट तराई झर्ने प्रवृत्ति, बढ्दो गरिबी र रोजगारीको अभाव वन अतिक्रमणका कारण भएको डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजन वन अधिकृत जनक पाध्या बताउँछन् । उनका अनुसार व्यक्तिगत लाभका लागि तथा मुक्त कमैया, सुकुम्वासी र बाढीपीडितको नाममा वनक्षेत्र कब्जा गर्ने चलन व्यापक बन्दै गएको छ । 'भू–माफियाले कृत्रिम सुकुम्बासी सिर्जना गरी अतिक्रमण बढाइरहेका छन्,' पाध्या भन्छन्, 'कानुन त छ, तर कार्यान्वयन कमजोर छ । राजनीतिक दबाब ठूलो चुनौती हो ।' भोट बैङ्कको राजनीति र दलगत स्वार्थले अतिक्रमण नियन्त्रणमा समस्या हुने गरेको उनको भनाइ छ । व्यक्तिगत अतिक्रमण मात्र होइन, सरकारी बजेटबाट निर्माण हुने सडक, खानेपानी, मठ–मन्दिर, विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय, खेलमैदान र विभिन्न सङ्घसंस्थाका भवनसमेत प्रायः वन क्षेत्रमै निर्माण भइरहेकाले अतिक्रमणलाई थप बल पुगेको पाध्या बताउँछन्।

वन अतिक्रमण बढ्दै जाँदा वन क्षेत्र खण्डित हुँदै गइरहेको छ । त्यसको प्रत्यक्ष प्रभाव वन्यजन्तुको वासस्थानमा परेको डिभिजन वन कार्यालय कैलालीका वरिष्ठ डिभिजनल वन अधिकृत रामबिचारी ठाकुर बताउँछन् । उनले भने, 'वन क्षेत्र खण्डित भएपछि वन्यजन्तुको वासस्थान नष्ट हुँदै गएको छ र यस क्रममा मानव वन्यजन्तु द्वन्द्व पनि बढिरहेको छ । यदि यस्तै अवस्था निरन्तर रह्यो भने विस्तारै वन्यजन्तु लोप हुने सम्भावना पनि छ ।' वन अतिक्रमण नियन्त्रणका लागि सबैभन्दा पहिला जनचेतना जगाउनु नै मुख्य आवश्यकता हो । साथै, निगरानी गर्ने निकायहरूले कडा नीति र प्रभावकारी कारबाही अपनाउनुपर्ने उनले जोड दिए । वन अतिक्रमण केबल व्यक्तिगत समस्या नभई सङ्गठित अपराधको रूप रहेको सुदूरपश्चिम प्रदेश वन निर्देशनालयका निर्देशक हेमराज विष्ट बताउँछन्।

स्थानीय तहले पनि कहिलेकाहीँ वन अतिक्रमण गरेर संरचना निर्माण गरिरहेको देखिन्छ । 'स्थानीय तह प्रत्यक्ष रूपमा समुदायसँग जोडिने सरकारको निकाय भएकाले वन अतिक्रमण रोक्न उपयुक्त भूमिका निर्वाह गर्न आवश्यक रहेको विष्ट बताउँछन् । स्थानीय तहसँग समन्वय गर्न जरुरी छ, तर अहिले जति सहयोग गर्नु पर्ने हो, त्यति पर्याप्त हुँदै आएको छैन,' निर्देशक विष्टले बताए । विष्ट भन्छन्, 'अहिलेको मात्रै होइन दशकौँदेखिको वन अतिक्रमण हो सम्बन्धित निकायको कमी कमजोरीका कारण कानुन हुँदाहुँदै पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन।'

वन अतिक्रमणको दर बढ्दै जाँदा नियन्त्रणका लागि वन कार्यालयहरूले विभिन्न प्रयास गरिरहेका छन् । सुदूरपश्चिम प्रदेश वन निर्देशनालय र जिल्लास्थित डिभिजन तथा सब–डिभिजन वन कार्यालयहरूले सचेतना कार्यक्रम, सरोकारवाला निकायसँग समन्वय बैठक, संयुक्त अनुगमन र अतिक्रमित क्षेत्र खाली गराउने काम सञ्चालन गर्दै आएका छन् । अघिल्लो आर्थिक वर्षमा मात्रै कैलाली जिल्लामा १३५ हेक्टर वनक्षेत्र अतिक्रमणमुक्त गरिएको तथ्याङ्क छ । गएको साउन महिनामा गौरीगङ्गा नगरपालिका–११ स्थित सरस्वती सामुदायिक वनको ३.९ हेक्टर अतिक्रमित क्षेत्र खाली गराई तारबार र वृक्षारोपण गरिएको थियो । डभिजन वन कार्यालय कैलालीका वरिष्ठ वन अधिकृत जीवक्ष यादवका अनुसार अतिक्रमण भएको ठाउँ खाली गराएर तारबार वा ट्रेन्च निर्माण गर्ने र खाली गराइएको क्षेत्रमा वृक्षारोपण गर्ने काम नियमित भइरहेको छ । 'पुरानो अतिक्रमण हटाउन समस्या छ,' उनी भन्छन्, 'तर नयाँ अतिक्रमण तुरुन्तै हटाउने प्रयास गरिरहेका छौँ।'

सरकारले वन क्षेत्रमा बढ्दो मानवीय चाप र अतिक्रमण रोक्न तथा अतिक्रमित भूमिलाई पुनः वनकै रूपमा कायम गर्न 'वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति, २०६८' लागू गरेको छ । यस रणनीतिले मुलुकको ४० प्रतिशत भूभाग वनले ढाक्ने राष्ट्रिय लक्ष्यलाई टेवा पु¥याउने उद्देश्य राखेको छ । भूमिहीन, सुकुम्बासी, बाढीपीडित, आरक्षपीडित र मुक्त कमैयाबाट भएको अतिक्रमणलाई विशेष प्राथमिकतामा राख्दै उनीहरूलाई वनको जग्गा स्वामित्व नदिई वैकल्पिक वसोवास र जीविकोपार्जनको व्यवस्था गर्ने नीति लिइएको छ । रणनीतिले अतिक्रमण हटाइएका क्षेत्रमा समूहगत व्यवस्थापन गरी कृषि वन प्रणालीअन्तर्गत कबुलियती वनका रूपमा प्रयोग गर्न दिने लचिलो व्यवस्था पनि गरेको छ । तर कुनै पनि हालतमा वन क्षेत्र व्यक्तिगत वा संस्थागत नाममा दर्ता नगरिने स्पष्ट व्यवस्था छ । रणनीति कार्यान्वयनका लागि जिल्ला स्तरमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला अतिक्रमण नियन्त्रण संयन्त्र गठन गर्ने, अतिक्रमण प्रोत्साहन गर्ने व्यक्ति वा सङ्घसंस्थालाई कालोसूचीमा राख्ने र सरकारी सुविधा रोक्ने जस्ता कडा प्रावधान पनि छन्।

यस्तै वन ऐन २०७६ ले राष्ट्रिय वन तथा संरक्षित क्षेत्रमा अतिक्रमणलाई गम्भीर अपराध मानेको छ । दफा ४९ अनुसार घर, टहरा, खेती, आवादी बसोबास वा वनको सिमाना परिवर्तनजस्ता अतिक्रमणजन्य कार्यमा पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था छ । यद्यपि नीति, रणनीति र कानुनको प्रावधान हुँदाहुँदै पनि विस्थापितको वैकल्पिक बसोबास सुनिश्चित नहुनु, राजनीतिक स्वार्थ हाबी हुनु र भूमाफियाको चलखेल रोक्न नसक्नुका कारण वन अतिक्रमणको जोखिम र दर वर्षेनी बढ्दै गएको छ।
रासस

# टुँडिखेलमा आयोजित महाशिवरात्री विशेष समारोहमा राष्ट्रपति सरिक



**काठमाडौँ।**
राष्ट्रपति रामचन्द्र पौडेल महाशिवरात्री तथा २६३ औँ सेना दिवसका अवसरमा नेपाली सेनाद्वारा सैनिक मञ्च टुँडिखेलमा आईतबार आयोजित विशेष समारोहमा सरिक भएका छन् । सो अवसरमा उनले त्यहाँस्थित सैनिक स्मारकमा पुष्पहार अर्पण गरी श्रद्धाञ्जली व्यक्त गर्नुका साथै नेपाली सेनाद्वारा अर्पण गरिएको सलामी ग्रहण गरे।

राष्ट्रपति पौडेल नेपाली सेनाका परमाधिपति हुन् । नेपाली सेनाले महाशिवरात्रिको दिनलाई सेना दिवसका रूपमा मनाउँदै आएको छ । शास्त्रीय मान्यताअनुसार शिवलाई शान्ति र सुरक्षाको प्रतीकका रूपमा लिने गरिन्छ।

समारोहमा राष्ट्रपति पौडेलले नेपाली सेना, सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयद्वारा प्रकाशित 'सिपाही–२०८२' वार्षिक पत्रिका विमोचन गरे । उनले 'फ्रि फल जम्प' मा प्रथम भएका प्रमुख सेनानी विवेक बिक्रम शाह र दोस्रो एका हुद्दा रमेशकुमार चौधरीलाई पुरस्कार प्रदान गरे। राष्ट्रपति पौडेलले सेना दिवस समारोहमा ब्याण्ड प्रस्तुत गर्ने भारतीय, बेलायती र अमेरिकी सेनाका टोली प्रमुखलाई सम्झनास्वरुप उपहार प्रदान गरे।

यसअघि सेनाको हेलिकप्टर र ड्रोनमार्फत पुष्पवृष्टि गर्नाका साथै राष्ट्रिय झण्डा र 'सेना दिवस–२०८२' लेखिएको ब्यानर प्रदर्शन गरियो । त्यस अवसरमा सेनाले राइफल र तोपबाट महाशिवरात्रि बढाइँ तथा कवाज प्रस्तुत गरेको थियो । समारोहमा सेनाद्वारा विभिन्न रणकौशल तथा परम्परागत वेशभूषा झल्कने विविध कला, नृत्य र सङ्गीतको धुन प्रस्तुत गरियो । कार्यक्रममा सेनाका टुकडीले मार्चपास समेत प्रस्तुत गरेको थियो। सो अवसरमा नेपाली सेनाले प्रयोग गर्दै आएका विभिन्न खालका हातहतियार, उपकरण र सवारी साधन प्रदर्शन गरिएको थियो । समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की र प्रधानन्यायाधीश प्रकाशमानसिह राउत र राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल उपस्थित थिए । साथै नेपाल सरकारका मन्त्रीगण, पूर्वमन्त्री, संवैधानिक निकायका प्रमख एवं पदाधिकारी, नेपाल सरकारका उच्चपदस्थ अधिकारी, सुरक्षा निकायका प्रमुख, नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि तथा समाजका लब्ध प्रतिष्ठित महानुभाव पनि शिवरात्रिको बढाइँ हेर्न टुँडिखेल पुगेका थिए । शिवरात्रिको बढाइँ हेर्न टुँडिखेल वरपर सर्वसाधारणको बाक्लो उपस्थिति थियो। उक्त समारोहको नेपाल टेलिभिजनलगायत विद्युतीय सञ्चारमाध्यमले प्रत्यक्ष प्रसारण गरेका थिए। रासस

# एक करोड ९१ लाख मतपत्र छपाइ सकियो

**काठमाडौँ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६७ जिल्लाका १५५ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ बनाएर ढुवानीका लागि तयारी अवस्थामा राखिएको निर्वाचन आयोगले जनाएको छ।

आईतबार सम्म एक करोड ९१ लाख २४ हजार मतपत्र छपाइ भएर ढुवानी गर्न तयारी अवस्थामा राखिएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए । बाँकी १० जिल्लाको पनि मतपत्र छपाइ भएको छ भने प्याकिङ बाँकी रहेको उनले बताए । अब ११ लाख ९९ हजार मतपत्रमात्र छाप्न बाँकी रहेको छ।



हालसम्म डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्ता पश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुम पूर्व, दाङ, बाँके, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पाल्पा, अर्घाखाँची, प्यूठान, रुपन्देही, रोल्पा, मनाङ, रामेछाप, सिन्धुली, रसुवा, सिन्धुपाल्चोक, कास्की, कपिलवस्तु, दोलखा, नुवाकोट, काभ्रेपलाञ्चोक, धादिङ, मकवानपुर, चितवन र सिराहा गरी ६७ जिल्लाको मतपत्र छपाइ सम्पन्न गरी ढुवानीका लागि तयारी भएको हो।

शनिबारसम्म ६६ जिल्लाको मतपत्र छपाइ सकी प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिएको थियो । आईतबार थप एक जिल्लाको मतपत्र छपाइ सकी प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिएको आयोगले जनाएको छ । अब काठमाडौँ उपत्यका वरपरका जिल्लाको मात्र मतपत्र छपाइ बाँकी रहेको जनाइएको छ । अब दुई दिनमा मतपत्र छपाइ सकेर प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिने जनाइएको छ।

हालसम्म १७ हजार ७२८ बाकस मतपत्र प्याकिङ भइसकेको छ । हाल दिनमा करिब एक हजार बाकस मतपत्र प्याकिङ र ११ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो।

पहिलो चरणमा १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीको लागि तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ । प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ । माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फmको मतपत्र छपाइ सुरु भएको हो।

छपाइ भएको मतपत्र शुक्रबारदेखि आयोगले पठाउन सुरु गरेको थियो । पहिलो चरणमा कर्णालीमा मतपत्र पठाइएको थियो । गण्डकी, लुम्बिनी र सुदूरपश्चिमप्रदेशका दुर्गम जिल्लामा पनि मतपत्र पठाइएको आयोगले जनाएको छ। सहरी क्षेत्र र सुगम जिल्लामा भने मतपत्र पठाउन बाँकी छ। रासस

# पर्वले आपसी सद्भाव र एकताको सन्देश प्रवाह गर्छः थापा

**काठमाडौँ।**
नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पर्वले मानव जीवनमा आध्यात्मिक चेतना जागृत गराउँदै आपसी सद्भाव, सहिष्णुता र एकताको सन्देश प्रवाह गर्ने बताएका छन्।

महाशिवरात्रि पर्वको अवसरमा शुभकामना व्यक्त गर्दै उनले धार्मिक तथा सांस्कृतिक पर्वहरूले हाम्रो मौलिक परम्परा र सांस्कृतिक धरोहरको संरक्षण तथा संवद्र्धनमा महत्वपूर्ण योगदान पु¥याउँदै आएको उल्लेख गरे।



सभापति थापाले भनेका छन्, हिन्दू धर्मावलम्बीहरूले अत्यन्त श्रद्धा, भक्ति र आस्थाका साथ भगवान् शिवको आराधना गरी मनाउने "महाशिवरात्री" हाम्रो धार्मिक तथा सांस्कृतिक जीवनसँग गहिरो रूपमा जोडिएको एक महत्वपूर्ण एवं पवित्र पर्व हो । उनले नेपाल विविध जातजाति, भाषा, धर्म र संस्कृतिले सम्पन्न राष्ट्र भएको र महाशिवरात्रिलगायतका पर्वहरूले अनेकतामा एकताको भाव सुदृढ पार्दै सबै नेपालीबीच आपसी सम्मान, सहकार्य र राष्ट्रिय एकताको भावना अझ प्रगाढ बनाउन मद्दत गरेको उल्लेख गरेका छन्।

महाशिवरात्रिको अवसरमा उनले सबैमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै भगवान् शिवको कृपाले सबैमा सकारात्मक ऊर्जा, साहस र सत्मार्गमा अघि बढ्ने प्रेरणा प्रदान होस् भन्ने कामना गरेका छन् । रासस

# अधिकांश दलको निर्वाचन घोषणापत्र सार्वजनिक

**काठमाडौँ।**
आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सहभागी हुने अधिकांश राजनीतिक दल र प्रत्यक्षतर्फका उम्मेदवारले घोषणापत्र सार्वजनिक गरी निर्वाचन आयोगमा बुझाएका छन्।

आयोगको निर्देशनबमोजिम विभिन्न दल र उम्मेदवारले घोषणापत्र बुझाउन थालेका र विस्तृत विवरण प्राप्त हुन बाँकी रहेको आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले जानकारी दिए।

आईतबार मात्र राष्ट्रिय स्वतन्त्र पार्टी, उज्यालो पार्टी नेपाल र नेपाल मजदुर किसान पार्टीले चुनावी घोषणापत्र सार्वजनिक गरेका छन् । नेपाली कांग्रेसले आईतबार काठमाडौंमा घोषणापत्र सार्वजनिकको तयारी गरे पनि स्थगन गरी यही फागुन ६ गते मधेस प्रदेशबाट सार्वजनिक गर्ने तय गरेको सो पार्टीका प्रवक्ता देवराज चालिसेले जानकारी दिए।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले फागुन ७ गतेभित्र घोषणापत्र सार्वजनिकको तयारी गरेको सो पार्टीका निर्वाचन प्रचार संयोजक मीनबहादुर शाहीले जानकारी दिए । नेपाली कम्युष्टि पार्टी (नेकपा), राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चालगायत दलले केही दिन पहिला घोषणपत्र सार्वजनिक गरिसकेका छन्।

यही फागुन २१ गते हुने निर्वाचनका लागि घोषणापत्र सार्वजनिक गरी यही फागुन ३ गतेभित्र पेस गर्न निर्वाचन आयोगले निर्देशन दिएको थियो। निर्वाचन आचारसंहिता, २०८२ को दफा ३७ मा निर्वाचनमा सहभागी हुने राजनीतिक दलले निर्वाचन आयोग र पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फका उम्मेदवारहरुले सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्न राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम निर्देशन दिइएको थियो। रासस

# रास्वपाद्वारा 'नागरिक करार' सार्वजनिक

**काठमाडौं।**
रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो नागरिक करार सार्वजनिक गरेको छ । रास्वपाले यसअघिका चुनावमा धेरैले धेरैपटक वाचा गरेको तर पूरा नगरेको उल्लेख गर्दै आफ्नो दलले जनतासँग प्रतिज्ञाको करार गर्ने जनाएको छ।

उक्त करार यही फागुन ७ गते विस्तृत रुपमा कर्णालीबाट सार्वजनिक गरिने जनाएको छ । रास्वपाले नागरिक करारको पहिलो बुँदामा प्राथमिकता समेटेको छ। जहाँ सदाचार र असल शासनको कुरा उल्लेख गरेको छ । सदाचार र असल शासनको आजको अवस्थामा भने उसले राज्य संरचनाको दलीय दोहन, प्रक्रियाकेन्द्रित भ्रष्टाचार र लाइसेन्सराज रहेको उल्लेख गरेको छ।

यस्तै, सामान्य सेवा लिन समेत विचौलियाको शरण पर्न बाध्य अहिलेको अवस्था भनेको छ । रास्वपाले आफ्नो लक्ष्यमा भने नीति, आचरण र संस्थागत सुधारका लागि भ्रष्टाचारविरोधी महाअभियान मार्फत विश्वसनीय सदाचारी राज्य निर्माण गर्दै सरकारी सेवाहरुको सर्वव्यापी डिजिटल डेलिभरीसहित ट्रान्सपरेन्सी ईन्टरनेश्नलको भ्रष्टाचार सूचांकमा सुधार गर्ने भनेको छ।

यस्तै, दलीयकरणको अन्त्य र २०४६ सालदेखिको सम्पत्ति छानविन गर्न उच्चायोग गठन गर्ने लक्ष्य राखेको छ। रास्वपाले एकल बहुमत दिएको अवस्थामा पनि करारबमोजिमका सर्तहरु पालना नगरे अर्को पटकको निर्वाचनमा सजाय दिन भनेको छ।

# भ्रामक सूचनाको पछि नलागी एचपिभी खोप लगाउन आग्रह

**काठमाडौँ।**
सरकारले किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप लगाउन आग्रह गरेको छ । राष्ट्रिय खोप सल्लाहकार समितिका अध्यक्ष प्रा. डा. रमेशकान्त अधिकारीले भ्रामक सूचनाको पछि नलागि किशोरीहरुलाई खोप लगाउन आग्रह गरेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत माघ २५ देखि यही फागुन १५ गतेसम्म देशभरिका कक्षा ६ मा पढ्ने र विद्यालय बाहिर रहेका १० वर्ष उमेर समूहका किशोरीलाई खोप लगाउने अभियान सुरु गरेको छ।




'आधारहिन हल्ला र भ्रममा नलागौँ । अरुका कुरा सुनेर आफ्ना बालिकाको स्वास्थ्यसँग खेलवाड नगरौँ । आफ्नो स्वास्थ्यको संरक्षणका लागि खोप लगाऔँ', अध्यक्ष प्रा डा अधिकारीले भने, 'एचपिभी खोप विश्व स्वास्थ्य सङ्गठनबाट मान्यता प्राप्त तथा औषधि व्यवस्था विभाग, नेपालबाट स्वीकृत सुरक्षित खोप हो।'

अभियानअन्तर्गत गत वर्षको एचपिभी खोप अभियानमा छुटेका हाल कक्षा ७ देखि १० सम्म पढ्ने छात्रा र ११ वर्षदेखि १४ वर्ष उमेरका विद्यालय बाहिरका किशोरीलाई खोप लगाइनेछ । अध्यक्ष डा. अधिकारीले विफर उन्मूलन र पोलियो जस्ता रोगको रोकथाम खोप नै रहेकाले ढुक्क भएर किशोरीलाई खोप लगाउन आग्रह गरे । 'विफरले बर्सेनि धेरै व्यक्तिको ज्यान लिएको थियो । पोलियोले धेरै बालबालिकालाई जीवनभरका लागि अपाङ्गता बनाएको थियो । लहरे खोकी, डिफ्टेरिया, टिटानस जस्ता रोगले हाम्रो बाल मृत्युदर उच्च बनाएको थियो । आज ती रोगहरू नदेखिनु संयोग होइन । यो खोपको सफलता हो,' उनले भने, 'खोप भनेको रोग लागेपछि उपचार होइन, रोग लाग्नै नदिनु हो।'

वर्षौँदेखिको प्रयासपछि नेपालले एचपिभी खोप ल्याउन सफल भएको उल्लेख गर्दै एचपिभी खोपले पाठेघरको मुखको क्यान्सर जस्ता गम्भीर रोगबाट हाम्रा छोरी–नातिनीहरूको भविष्य सुरक्षित गर्ने बताए । अभियान अन्तर्गत सरकारले तीन लाख ५० हजार बालबालिकालाई पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपिभी खोप लगाउने छ। रासस

# दलको बेवास्ताकै कारण पार्टी खोल्न बाध्य भयौँ

**काठमाडौँ।**
लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका प्रतिनिधिले राजनीतिक दलले आफ्नो हक र अधिकारप्रति चासो नदेखाएका कारण राजनीतिक दल खोल्नु परेको बताएका छन।

मायाको पहिचान संस्थाले आईतबार आयोजना गरेको पत्रकार सम्मेलनमा समावेशी समानुपातिक पार्टीका उम्मेदवारहरुले यस्तो बताएको हो। संविधानमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको समानुपाति प्रतिनिधित्वको कुरा लेखिए पनि कुनै पनि राजनीतिक दलले यसलाई आत्मसात नगरेको उहाँहरुको गुनासो छ । पार्टीबाट देशभर ६ जनाले प्रत्यक्षमा उम्मेदवारी दर्ता गरिसक्नुभएको ओखलढुङ्गा क्षेत्र नं १ का उम्मेदवार पिङ्की राईले बताएको छ। उनले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका विषयमा संविधानमा लेखिएका अधिकार नै कार्यान्वयन हुन नसेको गुनासो गर्दै आफू सांसद भएपछि त्यसकै पक्षमा वकालत गर्ने बताए।



काठमाडौँ क्षेत्र नं १ बाट उम्मेदवार सुरेन्द्र पाण्डेले राजनीतिकले समलिङ्गीलाई भोट बैंक बनाउने तर, उनीहरुको अधिकार संरक्षणमा कुनै पनि कदम नचालेको गुनासो गर्दै आफू बाध्यताबस राजनीतिमा होमिनु परेको सुनाए।

उनी समलिङ्गी विवाह गर्ने पहिलो नेपाली हुनुहुन्छ । मान्छे मान्छेसँग विवाह गर्न पाउने अधिकार सजिलै नपाएको सङ्घर्ष सुनाउदै उहाँले यस्ता थुप्रै कानुनी अभावले गर्दा समलिङ्गीले कष्ट झेल्नु परेको बताए। उनले भने हामी कहिलेसम्म विभेदको भूमरिमा परिरहने ? अब आफ्नो लागि आफै आवाज उठाउछौँ। संसद्मा पुग्छौँ।

उक्त पार्टीका प्रवक्ता प्रतिक्षा चापागाईँले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय देशभर रहेको तर, उनीहरुको पहिचान खुलेर आउन नसक्दा मतदाताको पहिचान अन्योलमा परेको बताए। उहाँले राजनीतिक पार्टीलाई पटक–पटक आफ्ना समुदायले जिताए तर, समुदायको अवस्था जहाँको त्यही रहेको प्रष्ट पारे । पार्टीबाट समानुपातिकमा उम्मेदवार दिनुभएका चापागाईंले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अस्थित्व छ, भनेर बुझाउन पनि राजनीतिक पार्टी खोल्नु परेको सुनाए।

मायाको पहिचान संस्थाका कार्यकारी निर्देशक एवं संविधानसभा सदस्य सुनिलबाबु पन्तले लैङ्गिक तथा अल्पसंख्यक समुदायको अस्थित्वलाई राजनीतिक दलले आत्मसात् गर्न नसकेको बताए । जसले गर्दा यो समुदाय सधैँ राज्यको पहुँचदेखि पर रहेको छ । उनले राजनीतिक नै समाजको रुपान्तरण भएकाले राजनीतिबाटै समुदाय अस्थित्व पहिचान गर्ने अभियानमा लागेको बताए। रासस

# चार दशकदेखि हलुवा–पराठाको स्वाद चखाउँदै अरमान



**बाँके ।** नेपालगन्ज उपमहानगरपालिका–१० चौलिकाचोकमा हलुवा–पराठाको स्वाद लिन बिहान झिसमिसेमै मानिसको भीडभाड हुने गर्दछ । करिब चार दशकदेखि स्थानीय अरमान अलीले हलुवा–पराठाको स्वाद चखाउँदै आएका छन् ।

फेमस हलुवा–पराठामा बिहान ६:०० बजेदेखि नै नजिकै रहेको महेन्द्र बहुमुखी क्याम्पस पढ्ने विद्यार्थी र रुपैडिहा आवतजावत गर्ने बटुवा हलुवा–पराठा खान पुग्ने गर्दछन् । अरमानको परिवारले करिब ४३ वर्षदेखि हलुवा–पराठाको एउटै परिकार बिक्री गरेर राम्रो आम्दानी गर्न सफल भएका छन् ।

हाम्रो बुबाले भारतको मुम्बईमा सिकेर आएपछि यहाँ हलुवा–पराठाको पसल खोल्नुभएको थियो, अहिले हामीले सञ्चालन गर्दै आएका छौँ अरमानले भने, हामीले बनाएको हलुवा–पराठा अहिलेसम्म नमिठो भयो भन्ने सुन्नुपरेको छैन, बरु मिठो भयो भनेर थपेर खाने र पोको पारेर घर लैजानेहरू धेरै छन् ।

खानाका अनेक परिकार पाइने भएकाले नेपालगन्जलाई स्वादहरूको सहर पनि भनिन्छ । ती अनेक स्वादमध्ये हलुवा पराठा पनि एक हो । नेपालगन्जका स्थानीयमात्र नभई बाहिरबाट नेपालगन्ज घुम्न आउने पाहुना पनि हलुवा–पराठा खाना चौलिकाचोक पुग्ने गरेको अरमानले बताए ।

प्रत्येक दिन करिब ४० देखि ५० केजीसम्म हलुवा–पराठा बिक्री गरेर रु १५ देखि २० हजारसम्म आम्दानी गर्ने गरेको उनको भनाइ छ । पीठो मुछ्ने, हलुवा बनाउने, पराठा बनाउने, बिक्री गर्नेलगायत कामका लागि अरमानले सात जना कामदारलाई रोजगारीसमेत दिँदै आएका छन् । अन्य दिनभन्दा शनिबार र सार्वजनिक बिदाका दिनमा हलुवा–पराठा खान आउने मानिसको धेरै भीडभाड हुने गरेको अरमानले बताए ।

ठूलो पराठालाई तौलेर हलुवाका साथमा बेच्ने गरिन्छ । पराठा रोटी खानुको स्वाद त छँदैछ, बनाएको हेर्न झनै मज्जा आउँछ । नाङ्ललोभन्दा ठूलो तावामा पकाउनुअघि पराठा पकाउने कारिगढले पीठोलाई केही पराठाको आकारमा बनाएपछि त्यो आकारबाट बढाएर सुपो जत्तिकै ठूलो आकारमा पुर्याउँछन् । जुन पराठाको आकारले आधा शरीर छोपिन्छ । छेउतिरबाट हेर्दा पकाउनुअघिको काँचो पराठा पछ्यौरा ओढेजस्तै देखिन्छ । एउटै पराठाबाट कम्तीमा १० जनासम्मलाई पुग्ने उनको भनाइ छ । हलुवा पराठाको माग बढ्दै गएपछि हाल नेपालगन्जको त्रिवेणी मोड, बागेश्वरी मन्दिरको पूर्वपट्टि पनि केही वर्षदेखि हलुवा पराठा बनाउने गरिएको छ । तर अन्य स्थानको भन्दा चौलिकाचोकको

हलुवा–पराठा नै अधिकांशको जिब्रोले मन पराउने गरेको महेन्द्र बहुमुखी क्याम्पसका पूर्वस्ववियु सभापति माधव खलीले बताए ।

बजारमा थरिथरिका फास्टफुड र रेष्टुरेन्टहरू खुले पनि अरमानको पसलमा आउने ग्राहकको भीड घटेको छैन । स्वच्छता र पुख्र्यौली स्वादले क्याम्पस पढ्ने युवादेखि पुराना धेरैका लागि यहाँको हलुवा–पराठा नास्तामात्र नभई एउटा पुरानो याद हुने गरेको खलीको भनाइ छ । रासस

# चीन–जर्मनी सम्बन्ध नयाँ उचाइ तर्फ



**म्युनिख ।** युरोपेली सङ्घ(इयु)ले चीन र संयुक्त राज्य अमेरिका दुवैप्रति आफ्नो निर्भरता पुनःमूल्याङ्कन गरिरहेका बेला बेइजिङले जर्मनीसँगको सम्बन्धलाई 'नयाँ स्तरमा' पु¥याउने स्पष्ट सङ्केत दिएको छ । चीनका विदेशमन्त्री वाङ यीले जर्मन चान्सलर फ्रेडरिक मेर्जसँग भेटवार्ता गर्दै द्विपक्षीय रणनीतिक साझेदारीलाई थप सुदृढ बनाउन चीन इच्छुक रहेको बताएका छन् ।

बेइजिङको विदेश मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार वाङले 'सर्वाङ्गीण रणनीतिक साझेदारीलाई नयाँ उचाइमा पु¥याउन' जर्मनीसँग मिलेर काम गर्ने अपेक्षा व्यक्त गरे । उनले बर्लिनको सहयोगमा उच्चस्तरीय आदान–प्रदानको अर्को चरणको तयारी गर्न चाहेको पनि स्पष्ट गरे ।

चीनले आफूलाई इयुका लागि स्थिर र भरपर्दो साझेदारका रूपमा प्रस्तुत गर्ने प्रयास गरिरहेको सन्दर्भमा यो भेटलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

युरोपेली मुलुकहरू एकातिर चीनसँगको आर्थिक सम्बन्ध सन्तुलित बनाउन र अर्कातिर अप्रत्याशित अमेरिकी नीतिबाट दूरी कायम गर्न खोजिरहेका छन् ।

यद्यपि पछिल्ला वर्षहरूमा अनुचित व्यापार अभ्यास, संरक्षणवाद र बजार पहुँचसम्बन्धी विवादले दुई देशबीचको गहिरो आर्थिक सम्बन्धमा चिसोपन आएको छ । यसै सन्दर्भमा मेर्ज यही महिनामा चीनको औपचारिक भ्रमण गर्ने तयारीमा रहेको बताइएको छ । भ्रमणका क्रममा विकसित व्यापारिक सम्बन्धलाई कसरी व्यवस्थापन गर्ने भन्ने प्रमुख मुद्दा रहने अपेक्षा गरिएको छ ।

वाङले जर्मनीलाई आफ्नो 'रणनीतिक स्वायत्तता र आत्मनिर्भरता' कायम राख्न प्रोत्साहन दिँदै चीन–युरोप सहकार्यमा जर्मनीले प्रेरक शक्ति बन्न सक्ने उल्लेख गरे । साथै उनले जर्मनीलाई रणनीतिक सम्बन्धका लागि 'विश्वसनीय सहारा' को भूमिकामा देख्न चाहेको धारणा व्यक्त गरे ।

यसअघि जर्मनीका विदेशमन्त्री जोहान वाडेफुलले डिसेम्बरमा बेइजिङ भ्रमण गरी वाङलगायत चिनियाँ अधिकारीहरूसँग भेटवार्ता गरेका थिए । उक्त भेटमा उनले युक्रेनमा जारी रुसको युद्ध अन्त्य गर्न चीनले आफ्नो प्रभाव प्रयोग गर्नुपर्ने विषय उठाएका थिए । वाडेफुलको अघिल्लो चीन भ्रमण भने अन्तिम समयमा रद्द भएको थियो, किनकि जर्मनीले उच्च अधिकारीहरूसँग भेटघाटको सुनिश्चितता गर्न नसकेको जनाएको थियो । रासस

# सुन्तला बेचेर तनहुँका कृषकले भित्र्याए करोडौँ



**तनहुँ ।** तनहुँको म्याग्दे गाउँपालिका–२ उमाचोकका विश्वबहादुर अधिकारीले यस वर्ष ९० लाखको सुन्तला बिक्री गरे । जिल्ला विकास समिति तनहुँका पूर्वसभापति अधिकारी सुन्तलाखेतीबाट सन्तुष्ट छन् । गाउँको भिरालो जमिनलाई सदुपयोग गरी अधिकारीले विसं २०५२ देखि व्यावसायिक सुन्तलाखेती सुरु गरेका थिए । सुन्तला खरिदका लागि बगानमै ठेकेदार आउने गरेको बताउँदै उनले बजारमा समस्या नरहेको सुनाए ।

त्यसैगरी, व्यास नगरपालिका–१३ बेनीकोटका कृषक दलबहादुर थापाले यस वर्ष रु १६ लाखको सुन्तला बिक्री गरे। अघिल्लो वर्षको तुलनामा यस वर्ष तीन लाखको सुन्तला बिक्री भएको उनले बताए ।

विदेशबाट फर्किएर सुन्तलाखेतीमा लागेका गिरबहादुरले यस वर्ष रु तीन लाख ५० हजारको सुन्तला बिक्री गरेको बताए । यी त केही उदाहरण हुन्, तनहुँका कृषकले यस वर्ष रु ४५ करोड ५० लाखको सुन्तला बिक्री गरेका छन् । गत वर्ष यहाँका किसानल ४२ करोड ५० लाखको सुन्तला बिक्री गरेका थिए ।

कृषि ज्ञान केन्द्रका सूचना अधिकारी किरण परियारले यस वर्ष ५८२१.९ मेट्रिकटन सुन्तला बिक्री भएको जानकारी दिए । उहाँका अनुसार यस वर्ष ११८२१.७ मेट्रिकटन सुन्तला उत्पादन भएको थियो । जिल्लामा १६७० हेक्टर सुन्तलाखेतीको क्षेत्रफल रहेकामा ९७७ हेक्टर क्षेत्रफलमा सुन्तला उत्पादन भएको परियारले जानकारी दिए ।

आँबुखैरेनी गाउँपालिकास्थित डुम्रीखर्क, डाँडापानी, खोलागाउँ, झारपुङ, घिरिङ गाउँपालिकास्थित च्याचुल, उवाथोक, मेवापानी, पोखरीछाप, देवघाट गाउँपालिकास्थित नरम, छिपछिपे, लुम्रिङ, दगारा, भिमाद नगरपालिकास्थित अक्सपाङ्दी, चामबोट, कोखे, म्याग्दे गाउँपालिकास्थित बहपुर, उमाचोक, छाङ, ऋषिङ गाउँपालिकास्थित अर्चल्दी, दुवुङ, बन्दीपुर गाउँपालिकास्थित धरमपानी, कमलबारी, काफलस्वारा, झारगाउँ, बासपानी, व्यास नगरपालिकास्थित तनहुँसुर, बेनीकोट र शुक्लागण्डकी नगरपालिकास्थित नाम्सीकोट र ज्याङ्लादी सुन्तला उत्पादनका पकेट क्षेत्र हुन् ।

त्यस्तै, आर्थिक वर्ष २०८०÷८१ मा ३० करोड बराबरको सुन्तला उत्पादन भएको थियो । त्यतिबेला तीन हजार ७५० मेट्रिकटन सुन्तला उत्पादन भएको थियो । जिल्लामा सुन्तलाखेतीतर्फ आकर्षण बढेसँगै सुन्तला उत्पादनमा वृद्धि भएको परियारको भनाइ छ ।

तनहुँमा उत्पादित अधिकांश सुन्तला काठमाडौँका व्यापारीले लैजाने गरेका छन् । सुन्तला खरिदका लागि व्यापारी बगैँचासम्म पुग्ने गरेका छन् । काठमाडौँका अलवा पोखरा, नारायणगढलगायतका ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको छ । जिल्लाका अधिकांश ठाउँमा व्यापारी नै बगैँचासम्म पुगेर सुन्तला खरिद गर्ने गरेका छन् । रासस

# एक खर्ब ७५ अर्ब डलरको 'डाटा सिटी' अभियान

**नयाँदिल्ली ।** संयुक्त राज्य अमेरिका र चीनसँगको आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रतिस्पर्धामा दूरी घटाउने उद्देश्यसहित भारतले अभूतपूर्व परिमाणको 'डाटा सिटी' परियोजना अघि बढाएको छ । आन्ध्र प्रदेश सरकारले विशाखापट्टनमलाई केन्द्रमा राख्दै एआई पूर्वाधार, डाटा सेन्टर र उच्च क्षमतायुक्त डिजिटल इकोसिस्टम निर्माण गर्ने महत्त्वाकांक्षी योजना सार्वजनिक गरेको हो ।

आन्ध्र प्रदेशका सूचना प्रविधिमन्त्री नारा लोकेशले एआई क्रान्ति अपरिहार्य भइसकेको बताउँदै राष्ट्रले यसलाई सक्रिय रूपमा अँगाल्ने नीति लिएको उल्लेख गरे । उनका अनुसार राज्यले ७६० परियोजनासहित करिब एक खर्ब ७५ अर्ब डलर बराबरको लगानी प्रतिबद्धता जुटाइसकेको छ । यसमा संयुक्त राज्य अमेरिका बाहिरकै सबैभन्दा ठूलो एआई पूर्वाधार हब निर्माणका लागि गुगलको १५ अर्ब डलर लगानीसमेत समावेश छ ।

त्यस्तै, रिलायन्स इन्डस्ट्रिज, क्यानाडाको ब्रुकफिल्ड र अमेरिकी कम्पनी डिजिटल रियल्टीको संयुक्त उद्यमले सोही सहरमा ११ अर्ब डलरको एआई डाटा सेन्टर विकास गरिरहेको छ । करिब २० लाख जनसङ्ख्या रहेको विशाखापट्टनमलाई अब सिङ्गापुरसँग जोडिने पनडुब्बी इन्टरनेट केबलको अवतरण विन्दुका रूपमा विकास गरिँदैछ ।

लोकेशका अनुसार १०० किलोमिटर अर्धव्यासभित्र फैलिने 'डाटा सिटी' अवधारणा केवल डाटा कनेक्टिभिटीमा सीमित नभई सर्भर उत्पादन, कूलिङ प्रणाली, सहायक उद्योग र पूर्ण प्रविधि आपूर्ति शृङ्खलासम्म विस्तार हुनेछ ।

उनले आन्ध्र प्रदेशले सन् २०२५ मा भारतको प्रत्यक्ष वैदेशिक लगानीको झण्डै २५ प्रतिशत आकर्षित गरेको दाबी गरे । प्रमुख लगानीकर्तालाई प्रतिस्पर्धात्मक दरमा जग्गा उपलब्ध गराउने नीति अवलम्बन गरिएको छ ।

मुख्यमन्त्री एन चन्द्रबाबु नायडूका पुत्रसमेत रहेका ४३ वर्षीय स्ट्यानफोर्ड शिक्षित मन्त्री लोकेशले हैदराबादलाई 'साइबराबाद' बनाउने अनुभवबाट प्रेरित भएको बताउँछन् ।

प्रधानमन्त्री नरेन्द्र मोदीले आयोजना गर्ने एआई इम्प्याक्ट शिखर सम्मेलनअघि सार्वजनिक गरिएको यस योजनाले भारतलाई विश्व एआई शक्तिको तेस्रो स्थानमा स्थापित गर्ने दाबीलाई बल दिएको छ । स्ट्यानफोर्ड युनिभर्सिटीको अध्ययनअनुसार पेटेन्ट, निजी लगानी लगायत ४० भन्दा बढी सूचकमा भारत दक्षिण कोरिया र जापानभन्दा माथि रहेको छ ।

एक अर्बभन्दा बढी इन्टरनेट प्रयोगकर्तासहितको बजारले बहुराष्ट्रिय प्रविधि कम्पनीहरूलाई आकर्षित गरिरहेको छ । माइक्रोसफ्टले हालै १७ अर्ब ५० करोड डलर लगानी घोषणा गर्दै यसलाई एसियामा अहिलेसम्मकै सबैभन्दा ठूलो प्रतिबद्धता भनेको थियो । यद्यपि आलोचकहरूले भारत अझै उच्चस्तरीय कम्प्युटिङ क्षमता र व्यावसायिक एआई कार्यान्वयनमा पछाडि रहेको तर्क गर्छन् । डाटा सेन्टरहरूले पर्याप्त रोजगारी सिर्जना गर्ने विषयमा पनि प्रश्न उठाइएको छ ।

तर लोकेशले प्रत्येक औद्योगिक क्रान्तिले विस्थापनभन्दा बढी अवसर सिर्जना गरेको उल्लेख गर्दै एआई अँगालेका देशले नै फाइदा लिने धारणा व्यक्त गरे । ऊर्जा र पानीको उच्च माग सम्बोधन गर्न राज्यले दीर्घकालीन योजना बनाएको बताइएको छ । बङ्गालको खाडीमा बग्ने अतिरिक्त मनसुनी पानी उपयोग गरी विशाल डाटा सेन्टर चिस्याउने अवधारणा अघि सारिएको छ । साथै, कोभवाडामा छ वटा १।२ गिगावाट क्षमताका आणविक ऊर्जा संयन्त्रका लागि केन्द्रीय सरकारबाट सैद्धान्तिक स्वीकृति प्राप्त भइसकेको छ । छ गिगावाट डाटा सेन्टर क्षमताको लक्ष्यसहित आन्ध्र प्रदेशले तीव्र गति र ठूलो परिमाणमा कार्यान्वयन गर्ने दाबी गरेको छ । हामी यात्रामा छौँ र देशले कहिल्यै नदेखेको गतिमा परियोजना कार्यान्वयन गर्नेछौँ लोकेशले भने । रासस

# टी–२० विश्वकपः लगातार तेस्रो हारसँगै बाहिरियो नेपाल

**मुम्बई ।** आईसीसी टी–२० विश्वकप २०२६ अन्तर्गत आफ्नो तेस्रो खेलमा नेपालले दुई पटकको टी–२० विश्वकप विजेता वेस्ट इन्डिजसँग ९ विकेटले पराजित हुँदै समूह चरणबाटै बाहिरिएको छ । लगातार तीन जितपछि वेस्ट इन्डिज सुपर एटमा पुग्ने पहिलो टिम बन्दा लगातार तीन हार बेहोरेको नेपाल समूह चरणबाट बाहिरिने दोस्रो टोली बन्यो । नेपाल यसअघि इंग्ल्यान्ड र इटलीसँग पराजित भएको थियो ।

समूह सी मा वेस्ट इन्डिजले अपराजित रहँदै ६ अंक जोडेर शीर्ष स्थानमा छ । दुई जित र एक हारबाट इंग्लयाण्ड ४ अंकसहित दोस्रो स्थानमा छ । समान २ अंक जोडेका स्कटल्याण्ड र इटली क्रमशः तेस्रो र चौथो स्थानमा छ । अब वेष्ट इन्डिज र इंग्लयाण्डले इटलीसँग खेल्न बाँकी छ । यस्तोमा इटलीलाई हराएमा इंग्ल्याण्ड सुपर एटमा पुग्नेछ । इटलीका लागि भने सुपर एट पुग्न बाँकी दुवै खेल जित्नुपर्ने हुन्छ । नेपाल लगातार तीन हारपछि यस समूहमा अंकविहिन छ । अब मंगलबार स्कटल्याण्ड विरुद्ध हुने अन्तिम खेलमा नेपालका लागि प्रतिष्ठाको लडाइँ मात्र हुनेछ । नेपालले दिएको १३४ रनको लक्ष्य वेस्ट इन्डिजले १५.२ ओभरमा १ विकेट गुमाएर पूरा गरेको हो । वेस्ट इन्डिजका लागि कप्तान शाई होपले ४४ बल खेल्दै ५ चौका र ३ छक्का मदतमा अविजित ६१ रन बनाए । शिमरोन हेतमायरले ४३२ बल मा ४ चौका र २ छक्का मदतमा अविजित ४६ रन बनाए । दोस्रो विकेटका लागि होप र हेतमायरले अविजित ९१ रनको साझेदारी गरे । पहिलो विकेटका लागि कप्तान शाई होप र ब्राण्ड किङले ४३ रनको साझेदारी गरेका थिए । ब्राण्डन किंङले १७ बलमा २२ रन बनाए । नेपालका लागि बलिङमा नन्दन यादवले १ विकेट लिए ।



त्यसअघि मुम्बईस्थित वानखेडे स्टेडियममा टस हारेर पहिले ब्याटिङ गरेको नेपालले ८ विकेट गुमाएर १३३ रन बनाएको थियो । नेपालले ब्याटिङमा कमजोर सुरुवात गरेपनि उपकप्तान दीपेन्द्र सिंह ऐरीको अर्धशतकमा हेर्न लायक स्कोर बनाएको थियो । नेपालका लागि उपकप्तान दीपेन्द्र सिंह ऐरीले ४७ बल खेल्दै ३ चौका र ३ छक्का मदतमा सर्वाधिक ५८ रन बनाए । दीपेन्द्रले १९औं ओभरको चौथो बलमा शामर जोसेफलाई छक्का प्रहार गर्दै ४४ बलमा अर्धशतक पूरा गरेका थिए । यस क्रममा उनले ३ चौका र २ छक्का हाने । दीपेन्द्र टी२० विश्वकपमा नेपालका लागि अर्धशतक प्रहार गर्ने दोस्रो खेलाडी हुन् । यसअघि सन् २०१४ को मा नेपालले टी२० विश्वकपमा सुबास खकुरेलले अफगानिस्तान विरुद्ध अर्धशतक प्रहार गरेका थिए । यस विश्वकपमा पहिलो खेल खेलिरहेका सोमपाल कामीले अविजित २६ रन बनाए । उनले १५ बल खेल्दै ४ चौका समेत प्रहार गरे । सातै विकेटका लागि दीपेन्द्र र सोमपालले ५४ रनको साझेदारी गरे । यो नै नेपाली इनिङ्सको उच्च साझेदारी हो । यस्तै छैटौं विकेटका लागि दीपेन्द्रले गुल्सन झासँग २७ रनको साझेदारी गरे । यही दुई साझेदारीले नेपालको स्कोर हेर्नलायक बनेको थियो । यस बाहेक लोकेश बमले १५ बलमा १३ र ओपनर आसिफ शेखले १० बल र गुल्सन झाले १३ बलमा समान ११ रन जोडे । अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेन संघर्ष गर्नुप¥यो ।

नेपालले वेष्ट इन्डिज विरुद्ध ६ ओभरको पावर प्लेमा ३ विकेट गुमाएर जम्मा २२ रन मात्र बनाएको थियो । टी–२० विश्वकपमा नेपालको पावर प्लेमा सबैभन्दा कम स्कोर हो । यसअघि सन् २०२४ मा बंगलादेश विरुद्ध २४–४ रन बनाएको थियो । ओपनर कुशल भुर्तेल लगातार दोस्रो खेलमा सिंगल डिजिटमा आउट भए । उनलाई पहिलो ओभरमै वेष्ट इन्डिजका अकिल होसेनले बोल्ड गरेका थिए । त्यसपछि रोहित पौडेल ५, आसिफ शेख ११, आरिफ शेख २ र लोकेश बम ११ रनमा आउट हुँदा नेपालले ४६ रनमै ५ विकेट गुमाएर संघर्ष पूर्ण अवस्थामा थियो । तर त्यसपछि दीपेन्द्रले गुल्सद्द झासँग मिलेर नेपालको इनिङ्स सम्हाल्ने प्रयास गरे । गुल्सन पनि ११ रनमा आउट भएपछि दीपेन्द्र र सोमपाल मिलेर अर्धशतकिय साझेदारी गरेपछि नेपालले स्कोर बढाएको थियो । दीपेन्द्र अन्तिम ओभरमा आउट हुनुअघि सोपमलासँग ५४ रनको साझेदारी गरेका थिए । बलिङमा वेस्ट इन्डिजका जेसन होल्डरले ४ तथा अकिल होसेन, म्याथ्यु फोर्डे, शमार जोसेफ र रोस्टन चेसले १–१ विकेट लिए ।

**सोमपालको कीर्तिमान**

यसै खेलबाट सोमपाल कामी नेपालको लागि तीन टी२० विश्वकप खेल्ने एक मात्र खेलाडी बने । उनले पहिलो इनिङ्समा आठौं नम्बरमा ब्याटिङ गरेका थिए ।अघिल्ला दुई खेलमा बेन्चमा रहेका मिडियम पेसर सोमपाल कामीले वेष्ट इन्डिज विरुद्ध स्पीनर शेर मल्लको स्थानमा पहिलो रोजाईमा अटाएसँगै इतिहास रचेका हुन् ।

सोमपाल नेपालले खेलेको तीन वटै टी–२० विश्वकप खेल्ने एक मात्र खेलाडी बने । सोमपालले सन् २०१४ मा बंगलादेशमा भएको टी२० विश्वकपमा नेपालले डेब्यु गर्दा पहिलो पटक खेलेका थिए । डेब्यु विश्वकप देखि नेपालले खेलेको त्यसपछिका दुवै विश्वकप खेलेपछि सोमपाल नेपालबाट तीन विश्वकप खेल्ने पहिलो र एकमात्र खेलाडी बनेका हुन् । उनले टी२० विश्वकपमा नेपालका लागि सर्वाधिक ७ खेल पनि खेलेका छन् । रासस

# महाशिवरात्रीः पशुपतिनाथ लगायत देशभरका शिवालयमा पूजा

**काठमाडौँ ।**
महाशिवरात्रि पर्वका अवसरमा पशुपतिनाथसहित देशभरका शिवालयमा देवाधिदेव महादेवको पूजा आराधना गरिएको छ । पशुपतिनाथका चारवटै ढोका आइतबार बिहान दुई बजेदेखि नै खुला गरिएको थियो । पशुपतिनाथका चारै ढोका खुलेदेखि नै भक्तजनले निरन्तर रुपमा सहजै दर्शन गरेको पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव एवं प्रवक्ता सुभाषचन्द्र जोशीले जानकारी दिए ।



वैदिक सनातन हिन्दु धर्मावलम्बीहरु आज बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा गई श्रद्धाभक्तिपूर्वक पूजा–आराधना गर्दछन् । शिवजी उत्पत्ति भएको रातका नामबाट नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रिमध्ये एक पवित्र पर्वका रूपमा शिव पुराण लगायतका ग्रन्थमा उल्लेखित छ ।
फाल्गुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई दीनदुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीको हृदयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइन्छ । माघ महिनामा महादेवको रुद्रत्व अर्थात् जगत्लाई रुवाउने वा संहार गर्ने तत्वले गर्दा पत्रविहीन भई जीर्ण भइरहेका रूख, बिरुवा तथा झारहरू उनै महादेवको शिवत्व ९जगत्को कल्याण गर्ने तत्व०ले गर्दा फागुनमा पलाउन थाल्ने हुनाले शिवरात्रि मनाउने गरिएको हो भन्ने भनाइ छ ।
व्रतमध्ये सर्वोत्तम कहलिएको महाशिवरात्रिका दिन आज भक्तजनले शुद्ध भई शिव मन्दिरमा पूजा–अर्चना गरी व्रत बस्ने र भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाउने गर्छन् । यस पर्वका दिन उपवास गरी रातभर जाग्राम बसे सर्वसिद्धि लाभ भई यमलोक जानु नपर्ने धार्मिक विश्वास छ । आजको दिन भगवान् महादेवलाई जाडो हुने जनविश्वासले प्रत्येक घर, चोक र मठ–मन्दिरमा दाउरा मागेर धुनी जगाई भजनकीर्तनका साथ सोही आगोमा प्रसाद बनाई ग्रहण गरिन्छ ।
राष्ट्रिय सांस्कृतिक पर्वका रूपमा रहेको यो दिन आज पशुपतिनाथमा रातको चार प्रहरमा चार प्रकारका पूजाका अतिरिक्त महादीप, अखण्डदीप, लक्ष्यबत्ती तथा दीपोत्सवका साथै लाख बेलपत्र अर्पण गरिन्छ । कैलाशकुट र किराँतेश्वरका सङ्गीत आश्रममा शास्त्रीय नाचगान गरिन्छ । भगवान् श्री महादेवको दर्शन गर्न र शिवरात्रि पर्वको मेला भर्न आज देशभरका विभिन्न भागलगायत छिमेकी राष्ट्र भारतका तीर्थयात्रीको पशुपतिनाथ मन्दिरमा घुइँचो लाग्छ ।
दर्शन गर्न आउने दर्शनार्थीको सवारी पार्किङका लागि सिफल, तिलगङ्गा, गुह्येश्वरी पारि, कोषको कार्यालय, वनकाली लगायत स्थानमा व्यवस्था मिलाइएको थियो । आईतबार पशुपतिनाथसँगै उपत्यकाका गोकर्णेश्र, नागेश्वर, तारकेश्वर नगरपालिका वडा नं । ४ मा रहेको बाणेश्वर, भक्तपुरको डोलेश्वर लगायत शिव मन्दिरमा पनि भक्तजनको भीड लागेको थियो । यसैगरी राजधानी बाहिरका शिव मन्दिरमा पनि धूमधामका साथ पूजा आराधना एवं दर्शन गर्ने भक्तजनको घुइँचो लागेको थियो ।
आइतबार दिउँसो १६ः५२ बजेसम्म त्रयोदशी तिथि थियो। त्यसपछि चतुर्दशी प्रारम्भ हुन्छ । चतुर्दशी तिथि सोमबार दिउँसो १७” ३५ बजेसम्म छ । मध्यरातमा चतुर्दशी तिथि आइतबार परेकाले यसै दिन महाशिवरात्रि पर्व मनाउने निर्णय गरिएको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।
महाशिवरात्रि पर्वका अवसरमा क्रिएसन नेपालले सफा गरौं अभियानअन्तर्गत पशुपतिनाथ क्षेत्रमा पाँचसय भन्दा बढी सफाइकर्मी परिचालन गरेको थियो । दि कोकालाकोला फाउण्डेसनको सहयोगमा क्लाइमेट स्मार्ट सिटिज परियोजना अन्तर्गत पशुपतिक्षेत्रमा सरसफाई अभियान सञ्चालन गरिएको क्रिएसनका कार्यक्रम निर्देशक सुजाता कोइरालाले बताइन् ।
महाशिवरात्रिको अवसरमा पशुपतिनाथ क्षेत्रभित्र दर्शनार्थीहरुको लाखौंको संख्यामा घुईंचो लाग्ने भएको हुँदा सरसफाइ अभियान सञ्चालन गरिएका क्रिएसन नेपालका महासचिव रोशना सुवेदीले बताइन् । स्वयंसेवकहरुले लगातार तिन दिनसम्म पशुपतिक्षेत्रमा सरसफाइ गतिविधि सञ्चालन गरिने कम्पनीले जनाएको छ । रासस

# सवारीसाधनको प्रयोग गर्न निर्वाचन अधिकृतको अनुमति लिनुपर्ने



**काठमाडौँ ।**
निर्वाचन आयोगले राजनीतिक दल वा दलको निर्वाचन प्रतिनिधिले सवारीसाधन प्रयोग गर्न सम्बन्धित निर्वाचन अधिकृतबाट अनिवार्य अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरेको छ ।
आयोगद्वारा आईतबार जारी गरेको ६४ बुँदे निर्देशनमा एक दल वा उम्मेदवारको नाममा अनुमति लिएको सवारीसाधन अन्य दल वा उम्मेदवारलाई प्रयोग गर्न दिन वा अन्य उम्मेदवारले प्रयोग गर्न वा गराउन नहुने उल्लेख गरिएको छ ।
निर्वाचन अधिकृतले अनुमति दिएको सवारीसाधनबाहेक अन्य कुनै किसिमको साधन प्रयोग गरी आवतजावत गर्न वा कसैलाई लैजाने वा ल्याउने गर्न नहुने पनि आयोगको निर्देशन छ ।
आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले आईतबार जारी गर्नुभएको विज्ञप्तिमा मतदातालाई मतदान गर्नबाट वञ्चित गर्ने उद्देश्यले मतदाता परिचयपत्र कब्जा गरी राख्न, बिगार्न वा खरिद गर्न, मतदान अधिकृतको स्वीकृतिविना निर्वाचनमा प्रयोग गरिने वा प्रयोग गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री निर्वाचनमा प्रयोग हुन नदिन मतदान केन्द्रबाट बाहिर वा अन्यत्र कतै लैजान नहुने विषयमा आयोगले ध्यानाकर्षण गराएको छ ।
निर्वाचनमा संलग्न कर्मचारीले टाँसेको वा टाँस्न लगाएको निर्वाचनसम्बन्धी कुनै विवरण, सूचना, सूची वा अन्य कुनै कागजातमा कुनै व्यहोरा थप्न, केरमेट गर्न, सच्याउन, हटाउन वा त्यस्तो कागजात च्यात्न वा कुनै किसिमले बिगार्न, नोक्सान गर्न वा नष्ट गर्न वा त्यस्तो कार्य गर्न लगाउन हुँदैन, विज्ञप्तिमा भनिएको छ,मतपत्र नष्ट गर्न, मतपत्रमा लागेको निर्वाचन अधिकृत वा मतदान अधिकृतको सही वा छाप वा मतपत्रमा अङ्कित कुनै चिन्ह वा सङ्केत मेट्न, केर्न, सच्याउन, किर्ते गर्न, बिगार्न वा नष्ट गर्न वा अन्य कुनै किसिमले मतपत्रमा नोक्सान पु¥याउन वा दुरूपयोग नगर्न वा नगराउन स्पष्ट निर्देशन छ ।
यस्तै, नक्कली मतपत्र तयार गर्न वा त्यस्तो मतपत्र ओसारपसार गर्न वा मतपत्र खरिद बिक्री गर्न नहुने, प्रचलित सङ्घीय कानुन बमोजिम मत दिन पाउने अधिकारविना कुनै मतदान गर्ने, अर्को मतदाताको मतपत्र बुझिलिने वा अर्काको नामबाट मतदान गर्न वा एउटै निर्वाचनका लागि एकभन्दा बढी मतदान गर्न, मतपत्रमा मत सङ्केत गरिसकेपछि त्यस्तो मतपत्र कसैलाई देखाउन, प्रदर्शन गर्न, गोप्य मत सङ्केत गर्ने स्थलमा मत सङ्केत नगरी त्यसभन्दा बाहिर गई प्रचलित सङ्घीय कानुन वा आयोगले तोकेको प्रक्रिया उल्लङ्घन गर्न, मत सङ्केत गरेको व्यहोरा कुनै प्रकारले सार्वजनिक नगर्न भनिएको छ ।
यसैगरी मतपत्रबाहेक अन्य कुनै वस्तु मतपेटिकाभित्र खसाल्न वा राख्न र मतदाताले मतदान गरी मतपेटिकाभित्र खसालेको मतपत्र बिगार्न वा नष्ट गर्न वा नष्ट गराउने कुनै वस्तु वा पदार्थ मतपेटिकाभित्र खसाल्न वा राख्न नहुनेतर्फ पनि आयोगले सचेत गराएको छ ।
मतदातालाई मतदानस्थलमा प्रवेश गर्न नदिन गौँडा वा बाटो छेक्न वा मतदान केन्द्रमा मतदान गर्न कुनै किसिमले बाधा अवरोध गर्न वा गराउन नहुने, मतदानको दिन मतदाता तथा आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारी बाहेक अन्य कुनै पनि व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न नहुने, उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि वा आयोगबाट अनुमति प्राप्त व्यक्ति बाहेक अन्य कुनै पनि व्यक्ति मतगणनास्थलमा प्रवेश गर्न सचेत गराइएको छ । साथै, मतपत्रमा मतदाताले सङ्केत गरेको मत वा तत् सम्बन्धमा आफूलाई जानकारी रहेको वा हुन आएको अन्य कुनै कुरा कसैलाई भन्न, लेख्न, प्रकट गर्न वा प्रकाश गर्न नहुने पनि आयोगले स्पष्ट पारेको छ ।
यसैगरी मतगणना भइरहेको अवस्थामा मतपेटिका वा मतपत्र वा निर्वाचनसम्बन्धी अन्य कुनै पनि कागजपत्र बल प्रयोग गरी वा नगरी खोस्न, लुट्न, बिगार्न वा कुनै किसिमले नोक्सान गर्न वा निर्वाचन अधिकृतको अनुमतिविना मतगणना स्थलबाट अन्यत्र लैजान नहुने पनि आयोगले जनाएको छ ।
मतदान केन्द्र वा मतगणनास्थल र त्यसको वरिपरि कुनै प्रकारको विस्फोटक पदार्थ वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी, बन्दुक, पेस्तोल वा यस्तै प्रकारका अन्य हातहतियार लिएर हिँड्न प्रदर्शन गर्न वा प्रयोग गर्न गराउन पनि आयोगले निर्देशन दिएको छ । रासस

# वित्तीय संस्थाबाहेक अन्य माध्यमबाट खर्च नगर्न नगराउन निर्देशन

**काठमाडौँ ।**
निर्वाचन आयोगले उम्मेदवारले निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थाबाहेक अन्य माध्यमबाट खर्च गर्न गराउन नहुने भनी राजनीतिक दलहरुलाई फेरि निर्देशन दिएको छ ।
निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थाबाहेक अन्य माध्यमबाट खर्च गर्न गराउन नहुने भनी आयोगले यसअघि पनि निर्देशन दिँदै आएको छ । रु २५ हजारभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट सहयोग लिने र खर्च गर्नुपर्ने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले आज जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ । आयोगले खर्चको बिल भरपाई तथा बैंक वा वित्तीय संस्थामा रहेको खाताको विवरण पेश गर्न आदेश दिएमा सक्कल बिल भरपाई तथा बैंक वा वित्तीय संस्थाको खाताको विवरण पेस गर्नुपर्ने विज्ञप्तिमा उल्लेख छ । निर्वाचन प्रचारप्रसारमा खर्च गर्दा आफू वा आफ्नो निर्वाचन प्रतिनिधि मार्फत् मात्र खर्च गर्ने र आयोगले तोकेको निर्वाचन खर्चको हदभन्दा बढी खर्च गर्न वा गराउनुहुँदैन, निर्वाचन प्रचारप्रसार गर्दा राजनीतिक दल वा उम्मेदवारले निर्वाचन घोषणापत्र बनाइ सोको आधारमा प्रचारप्रसार गर्ने, मतदाताको जानकारीका लागि सार्वजनिक गर्ने, उक्त घोषणापत्र राजनीतिक दलले आयोगमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्नुपर्छ, प्रवक्ता भट्टराईले बताए । निर्वाचन प्रचारप्रसार अभियानमा प्रचलित सङ्घीय कानुन वा निर्वाचन आचारसंहिताले निषेध गरेको काम कारवाही गर्न वा गराउनका लागि कुनै प्रकारले आर्थिक सहयोग लिन वा काम कारबाहीका लागि खर्च गर्न वा गराउन नहुने, निर्वाचन प्रचारप्रसारमा भएको आम्दानी र खर्चको विवरण निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र सम्बन्धित दलले आयोगमा र उम्मेदवारले जिल्ला वा प्रदेश निर्वाचन कार्यालयमा बुझाउनुपर्ने आयोगको निर्देशन छ । जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने दल वा व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिह्न वा झण्डा अङ्कित लोगो वा स्टीकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने र जुलुस, आमसभा, कोणसभा, भेला वा प्रचारप्रसारका कार्यक्रम गर्दा बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म मात्र गर्नुपर्ने आयोगको निर्देशन छ । दलको झण्डाको वा दल वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाइ सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुनेतर्फ आयोगले दलहरुलाई सचेत गराएको छ । रासस

# जुलुस र आमसभा सभ्य रुपमा गर्नुपर्ने

**काठमाडौँ ।**
निर्वाचन आयोगले यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका क्रममा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्दा सभ्य र अनुशासित तरिकाले गर्न निर्देशन दिएको छ ।
आयोगले राजनीतिक दल र दलका प्रतिनिधिका नाममा आज जारी गरेको ६४ बुँदे निर्देशनमा कसैको घरको आसपासमा गई निज वा निजको परिवारको सदस्यको सम्बन्धमा विरोध वा प्रदर्शन गर्न नहुने उल्लेख छ ।
मतदान हुने दिनमा मतदान कार्य प्रारम्भ हुनुभन्दा तीन घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म मतदाता वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा हुने गरी मतदान केन्द्र रहेको घर, भवन वा ठाउँ र मतदानलाई असर पर्ने गरी त्यसको वरिपरिको कुनै निजी वा सार्वजनिक घर, भवन वा जग्गामा साउण्ड सिस्टम वा यस्तै अन्य कुनै साधन प्रयोग गर्न वा बाजा बजाउन, नाचगान गर्न, सार्वजनिक भोज गर्न, जुलुस प्रदर्शन वा जुनसुकै किसिमको सभा वा समारोह गर्न वा हुलहुज्जत वा होहल्ला गर्न वा गराउन वा त्यस्तो कुनै काम गरी शान्ति भङ्ग गर्न वा गराउन वा भय त्रास सिर्जना गर्न वा निर्वाचनको वातावरण बिथोल्ने कार्य गर्न वा गराउन नहुने उल्लेख गरिएको छ ।
स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा वा भेला गर्न नहुने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए । जुलुस, आमसभा, कोणसभा वा भेला गर्नुभन्दा कम्तीमा २४ घण्टा अघि स्थानीय प्रशासन र प्रहरीलाई मिति, समय, मार्ग तथा स्थानको बारेमा जानकारी गराउनुपर्ने उनले बताए ।
कुनै राजनीतिक दल, उम्मेदवार वा दलको भातृ सङ्गठनले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा अन्य कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुर्‍याउन नहुने, एकभन्दा बढी राजनीतिक दल, उम्मेदवार वा भातृ सङ्गठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न नहुने प्रवक्ता भट्टराईले बताए ।
प्रचलित कानुन वा स्थानीय प्रशासनले निषेध गरेको सामग्री लिई जुलुस, आमसभा, कोणसभा, बैठक वा भेलामा प्रदर्शन वा प्रयोग गर्न नहुने, घरधनीको अनुमति नलिई निजी घरजग्गामा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सार्वजनिक सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिह्न राख्न वा टाँस्न नहुनेतर्फ आयोगले सचेत गराएको छ ।
विभिन्न क्लब, सामाजिक संस्था, धार्मिक संस्था, आमा समूह, गैरसरकारी संस्था, आश्रम जस्ता संस्थालाई नगद वा जिन्सी वितरण गर्न, अनुदान वा आर्थिक सहायता, चन्दा, पुरस्कार दिन वा दिने घोषणा गर्न नहुने, निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन हुँदैन ।
उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाइएको ३ गुणा ४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह राख्नबाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्री प्रदर्शन वा प्रसारण नगर्न आयोगले निर्देशन दिएको छ ।
उम्मेदवार वा दलले आफ्नो कार्यालय बाहेकका स्थानमा झण्डा, दल वा उम्मेदवारको चुनाव चिह्न, कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न तथा श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्री प्रदर्शन वा प्रसारण गर्न नहुने, अनलाइन वेबपेज, टिभी स्क्रोलिङ, सपिङ मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैंकका एटिएम काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारको बारेमा कुनै प्रचारप्रसार गर्न, गराउन नहुने आयोगले निर्देशन दिएको छ ।
कुनै किसिमको भित्ते लेखन गर्न वा गराउन, चारपाङ्ग्रे गाडी, मोटरसाइकल, साइकल, बयलगाडा, रिक्सा, टाँगा, ठेलागाडा लगायत सबै प्रकारका सवारीसाधन प्रयोग गरी ¥याली आयोजना गर्न वा प्रचारप्रसार गराउन नहुने, ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तथा अपाङ्गता भएका व्यक्तिको भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आँच आउन सक्ने प्रकारले कुनै किसिमका प्रचारप्रसार गर्न गराउन नहुनेतर्फ आयोगले सम्बन्धित सबैको ध्यानाकर्षण गराएको छ । रासस

# मुग्लिन–मलेखु सडकः एघार किलोमिटर कालोपत्र पूरा



**चितवन ।**
पृथ्वी राजमार्गअन्तर्गत ११ किलोमिटर नागढुङ्गा–मलेखु खण्ड कालोपत्र भएको छ । गत वर्ष आठ किलोमिटर कालोपत्र गरिएकामा यस वर्ष थप तीन किलोमिटर कालोपत्र गरिएको हो ।
नागढुङ्गा–मुग्लिन सडक आयोजनाका इन्जिनियर विजय दरैका अनुसार तेस्रो चरणअन्तर्गत हालसम्म ४० प्रतिशत अर्थात् कुरिनटार, फिस्लिङ, चरौदी र विशालटारका केही क्षेत्र कालोपत्र भएका छन् ।
धादिङको बाँदरेमा कालोपत्र जारी छ भने फिस्लिङ र जवाङ खोला क्षेत्रमा बेस र सबबेस राखिएको छ । उक्त खण्डका छ वटा पुलमध्ये हुग्दी र चरौदीमा जमिनमाथिको काम भइरहेको छ । निर्माण सामग्री अभाव नहोस् भन्नेमा आफूहरू रहेको उनले बताए ।
धादिङको चरौदी र बेनिघाट एवं इच्छाकामनाबाट सामग्री लगिएको भएपनि लामो समयका लागि काम गर्न सामग्री अभाव हुने आशङ्का उनले व्यक्त गरे । विश्व बैंकको ऋण सहयोग रु चार अर्ब ८० करोड ५९ लाख मा ३८ किलोमिटर लामो यो सडकखण्ड स्तरोन्नति थालिएको हो । रासस

# पर्सा–२ मा अजय चौरसियाविरुद्ध युवाको विरोध

# मतदाताको स्पष्ट सन्देश 'हामी चुप बस्दैनौं'



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेस पर्सा निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार तथा पूर्वमन्त्री अजय चौरसियाविरुद्ध स्थानीय युवाहरूले गरेको विरोध प्रदर्शनको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएसँगै क्षेत्रको राजनीतिक तापक्रम फेरि बढेको छ । शुक्रबार भएको उक्त घटनाको दृश्य आइतबारदेखि व्यापक रूपमा भाइरल भएपछि चुनावी माहोलमा नयाँ बहस सुरु भएको हो यसपटक बहस उम्मेदवारको व्यक्तित्वभन्दा बढी मतदाताको अपेक्षा र चेतनाको छ ।

पर्सागढी नगरपालिका वडा नं. ३ झबराहास्थित इन्दु रिसोर्ट होटलमा कांग्रेसको नगरस्तरीय भेला चलिरहँदा ब्यानरसहित पुगेका युवाहरूको समूहले होटल बाहिर चर्को नाराबाजी गरेको थियो । 'भ्रष्टाचार बन्द गर', 'जवाफ दे' र 'पुराना अनुहार होइन, नयाँ नेतृत्व चाहियो' जस्ता नाराले केही समय वातावरण तनावपूर्ण बनेको थियो । सुरक्षाकर्मी परिचालन गरिए पनि कुनै अप्रिय घटना भने भएको छैन ।

तर घटनाको राजनीतिक अर्थ केवल नाराबाजीमा सीमित छैन । स्थानीय राजनीतिक वृत्तका अनुसार यो प्रदर्शनले पर्सा–२ का मतदाता अब मौन दर्शक नभएको सन्देश दिएको छ । विगतका कार्यकालमा भएका भनिएका अनियमितता, अधुरा विकास योजना र सुशासनसम्बन्धी प्रश्नहरू अब चिया पसलको गफमा मात्र सीमित नरही सार्वजनिक रूपमा उठ्न थालेका छन् । युवाहरूले निष्पक्ष छानबिन र स्पष्ट सार्वजनिक जवाफदेहिताको माग गर्दै 'अब पुरानै शैली दोहोरिन दिँदैनौं' भन्ने संकेत दिएका छन् । उता, भेलाभित्र सम्बोधन गर्दै उम्मेदवार चौरसियाले आफूमाथि लागेका आरोपहरू राजनीतिक पूर्वाग्रहबाट प्रेरित भएको दाबी गर्दै अस्वीकार गरेको स्रोतले जनाएको छ ।

तर सामाजिक सञ्जालमा देखिएको प्रतिक्रियाले एउटा तथ्य स्पष्ट पारेको छ मतदाताले अब केवल दल र चिन्ह होइन, कार्यकालको हिसाब पनि माग्न थालेका छन् ।

विश्लेषकहरूका अनुसार यो घटना केवल एक उम्मेदवारविरुद्धको विरोध मात्र होइन, समग्र राजनीतिक संस्कारमाथि प्रश्न हो । पर्सा–२ मा विकास, रोजगारी, पारदर्शिता र सुशासनका विषयमा मतदाताले खुला बहस चाहेको संकेत देखिएको छ । विशेषगरी युवापुस्ताले 'नेता होइन, काम चाहियो' भन्ने भाव सार्वजनिक रूपमा व्यक्त गर्न थालेका छन् ।

स्थानीय बासिन्दाहरू भन्छन्, 'हामीले धेरै वाचा सुनेका छौं, अब नतिजा चाहिन्छ ।' यही मनोविज्ञानले चुनावी मैदानमा प्रतिस्पर्धा थप चर्किने अनुमान गरिएको छ । राजनीतिक दलहरूका लागि यो स्पष्ट सन्देश हो मतदाता अब भावनात्मक नाराभन्दा ठोस उपलब्धि र स्पष्ट दृष्टिकोण खोजिरहेका छन् ।

पर्सा–२ को पछिल्लो घटनाक्रमले देखाएको छ कि जनताको धैर्य असीमित हुँदैन । सार्वजनिक जीवनमा रहेकाले सार्वजनिक जवाफदेहिता स्वीकार्नैपर्छ । चुनाव नजिकिँदै गर्दा मतदाताले आफ्नो आवाज बुलन्द बनाइरहेका छन्, र सन्देश स्पष्ट छ अब मत केवल समर्थन होइन, मूल्यांकनको माध्यम पनि हुनेछ ।

# मधेशमा ३१ हजारा बढी निर्वाचन प्रहरी खटाइयो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते तय गरिएको प्रतिनिधि सभा निर्वाचनलाई शान्त, सुरक्षित र निष्पक्ष वातावरणमा सम्पन्न गराउने तयारीस्वरूप मधेश प्रदेशमा ठूलो संख्यामा निर्वाचन प्रहरी परिचालन गरिएको छ । झन्डै एक महिना लामो आवेदन संकलन, छनोट प्रक्रिया र तालिम सम्पन्न गरेपछि उनीहरूलाई जिम्मेवारी दिइएको हो ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार प्रदेशका ३२ वटै निर्वाचन क्षेत्रमा रहने प्रहरी इकाईअन्तर्गत कुल ३१ हजार ४ सयभन्दा बढी निर्वाचन प्रहरी खटाइएको छ । फागुन १ गतेदेखि नै उनीहरू फिल्डमा परिचालित भए पनि आवश्यक पोशाक, जुत्ता, डण्डा लगायतका आधारभूत सामग्री भने अझै पूर्ण रूपमा उपलब्ध हुन सकेको छैन ।

सामग्री अभावबीच जिम्मेवारी सम्हाल्नुपर्दा कतिपय स्थानमा व्यवस्थापन पक्षप्रति असन्तुष्टि देखिएको छ । यद्यपि निर्वाचनको सुरक्षालाई प्राथमिकतामा राख्दै प्रहरी परिचालनलाई व्यवस्थित बनाउने प्रयास जारी रहेको कार्यालयले जनाएको छ ।

निर्वाचन सुरक्षामा सहभागी हुन मधेशका आठवटै जिल्लाबाट उत्साहजनक सहभागिता देखिएको थियो । प्रदेश प्रहरीका तथ्यांकअनुसार ४० हजार २ सय ७३ जना पुरुष र ७ हजार ९ सय ७७ जना महिलाले आवेदन दिएका थिए ।

तीमध्ये आवश्यक संख्यामा जनशक्ति छनोट गरी तालिमपछि परिचालन गरिएको हो ।

निर्वाचन मिति नजिकिँदै गर्दा सुरक्षा संयन्त्रलाई अझ सुदृढ र प्रभावकारी बनाउन प्रदेश प्रहरी कार्यालयले समन्वय र अनुगमनलाई तीव्र बनाएको जनाएको छ ।

# युवा स्वरोजगारदेखि स्वास्थ्य सुधारसम्म टेमानीको स्पष्ट रोडम्याप



**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) बाट पर्सा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार अशोक कुमार टेमानी यतिबेला विकास, समृद्धि र स्वाभिमानको मूल एजेन्डासहित चुनावी मैदानमा सक्रिय देखिएका छन् । घरदैलो, टोलसभा, अन्तरक्रिया तथा कोणसभामार्फत मतदातासँग प्रत्यक्ष संवाद गर्दै उनले पर्सा–२ लाई आर्थिक, शैक्षिक, कृषि, स्वास्थ्य र पूर्वाधार विकासका दृष्टिले देशकै नमूना क्षेत्र बनाउने स्पष्ट खाका प्रस्तुत गरेका छन् ।

टेमानीले वीरगंजको भौगोलिक अवस्थिति, खुला सिमाना र व्यापारिक सम्भावनालाई आधार मानेर यस क्षेत्रलाई देशकै प्रमुख आर्थिक केन्द्रका रूपमा विकास गर्ने लक्ष्य अघि सारेका छन् । उनका अनुसार उद्योग, व्यापार र लगानी प्रवद्र्धनका लागि नीतिगत सुधार, प्रशासनिक सहजीकरण र पूर्वाधार विस्तार अपरिहार्य छ । 'पर्सा–२ लाई उत्पादन र रोजगारीको केन्द्र बनाइनेछ,' उनले अभियानका क्रममा दोहोऱ्याउँदै आएका छन् ।

कृषि क्षेत्रको आधुनिकीकरण टेमानीको प्रमुख प्राथमिकतामध्ये एक हो ।

किसानलाई समयमै मल, बीउ, सिँचाइ र प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने उनले बताएका छन् । कृषि उपजको भण्डारणका लागि कोल्ड स्टोर निर्माण, बजार व्यवस्थापन र स्थानीय उत्पादनको ब्रान्डिङमार्फत मूल्य अभिवृद्धि गरिने योजना सार्वजनिक गरिएको छ । कृषि उत्पादनसँगै प्रशोधन उद्योग स्थापना गरी युवालाई स्थानीय स्तरमै रोजगारी उपलब्ध गराउने अवधारणा पनि उनको प्रतिबद्धतामा समेटिएको छ ।

युवा स्वरोजगार र उद्यमशीलता प्रवद्र्धनलाई उनले अभियानको केन्द्रमा राखेका छन् । सीपमूलक तालिम, सहुलियत ऋण र स्टार्टअप प्रवद्र्धन कार्यक्रम ल्याइने बताउँदै उनले विदेश पलायन रोक्न स्वदेशमै अवसर सिर्जना गर्नुपर्ने आवश्यकता औँल्याएका छन् । सूचना प्रविधि, सेवा क्षेत्र र साना उद्योगमा युवालाई आकर्षित गर्न विशेष कार्यक्रम ल्याइने उनले बताएका छन् । महिला उद्यमशीलता विकास, घरेलु उद्योग विस्तार तथा महिला श्रमिकका लागि सुरक्षित कार्यस्थल सुनिश्चित गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरेका छन् ।

शिक्षा क्षेत्रमा गुणस्तरीय सुधार ल्याउने लक्ष्यसहित सामुदायिक विद्यालयको पूर्वाधार सुदृढीकरण, शिक्षक तालिम र प्राविधिक शिक्षामा जोड दिइने योजना टेमानीले अघि सारेका छन् । उच्च शिक्षा र अनुसन्धान प्रवद्र्धनका लागि सम्बन्धित निकायसँग सहकार्य गरिने उनले बताएका छन् । स्वास्थ्य सेवामा जिल्लास्तरीय अस्पतालहरूको स्तरोन्नति, ग्रामीण स्वास्थ्य चौकी सुदृढीकरण तथा विशेषज्ञ सेवा विस्तारलाई प्राथमिकता दिइने उनको भनाइ छ ।

पूर्वाधार विकासलाई दीर्घकालीन समृद्धिको आधार मान्दै उनले सडक, नाला, ढल र खानेपानी व्यवस्थापनमा तीव्रता दिइने बताएका छन् । ग्रामीण क्षेत्रमा सहज यातायात र बजार पहुँच सुनिश्चित गर्न विशेष कार्यक्रम ल्याइनेछ । बाढी तथा डुबान समस्याबाट प्रभावित बस्तीहरूको दीर्घकालीन समाधानका लागि प्रभावकारी योजना कार्यान्वयन गरिने प्रतिबद्धता पनि उनले जनाएका छन् । घरदैलो अभियानका क्रममा टेमानीले स्थानीय बासिन्दासँग प्रत्यक्ष संवाद गर्दै उनीहरूको समस्या र सुझाव संकलन गरिरहेका छन् ।

मतदाताको उत्साहजनक सहभागिताले अभियानलाई थप ऊर्जा दिएको देखिन्छ । स्थानीयले रोजगारी, शिक्षा, स्वास्थ्य र पूर्वाधार सुधारप्रति देखाएको चासोलाई उनले आफ्नो प्राथमिक कार्यसूचीमा राख्ने बताएका छन् ।

टेमानीको अभियान केवल चुनावी प्रतिस्पर्धामा सीमित नभई दीर्घकालीन विकासको स्पष्ट दृष्टिकोण प्रस्तुत गर्ने प्रयासका रूपमा देखिएको छ । आर्थिक सशक्तीकरण, सामाजिक न्याय र समावेशी विकासलाई मूल आधार बनाउँदै अघि बढेको यो अभियानले पर्सा–२ मा सकारात्मक राजनीतिक बहस सिर्जना गरेको छ । अन्त्यमा उनले मतदातासँग आग्रह गरेका छन्, 'तपाईंको अमूल्य मत विकास, रोजगारी र समृद्धिको पक्षमा प्रयोग गर्नुहोस् । पर्सा–२ लाई देशकै नमूना क्षेत्र बनाउन सबैको साथ र सहयोग आवश्यक छ ।'

# कांग्रेसले जनकपुरधामको चुनावीसभामा प्रतिज्ञापत्र सार्वजनिक गर्ने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधिसभा निर्वाचनलाई केन्द्रित गर्दै सार्वजनिक गर्ने तयारी गरिएको प्रतिज्ञापत्र कार्यक्रम नेपाली कांग्रेसले स्थानान्तरण गरेको छ । यसअघि आइतबार पार्टी केन्द्रीय कार्यालय विपीनगर, सानेपामा गर्ने भनिएको कार्यक्रम स्थगित गर्दै अब मधेश प्रदेशको जनकपुरधामबाट सार्वजनिक गर्ने निर्णय गरिएको हो ।

नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले संशोधित कार्यतालिकाअनुसार प्रतिज्ञापत्र जनकपुरधाममा आयोजना हुने चुनावी सभामार्फत सार्वजनिक गरिने जानकारी दिएका छन् । उनका अनुसार कांग्रेसले फागुन ६ गते जनकपुरधामबाट औपचारिक रूपमा चुनावी अभियान सुरू गर्नेछ र सोही अवसरमा प्रतिज्ञापत्र सार्वजनिक गरिनेछ । आयोगमा बुझाउने प्रक्रिया भने तोकिएकै समयभित्र पूरा गरिने उनले स्पष्ट पारे ।

निर्वाचन आयोगले फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि राजनीतिक दलहरूलाई आइतबारसम्म घोषणापत्र पेस गर्ने समयसीमा दिएको छ । प्रवक्ता चालिसेका अनुसार आयोगमा प्रतिज्ञापत्र आइतबार नै बुझाइनेछ भने सार्वजनिक कार्यक्रम बुधबारका लागि सारिएको हो । मधेश प्रदेशबाटै चुनावी अभियानको थालनी गर्दै प्रतिज्ञापत्र सार्वजनिक गर्नु कांग्रेसको रणनीतिक सन्देश भएको विश्लेषण गरिएको छ । जनकपुरधाममा आयोजना हुने सभालाई पार्टीले विशेष महत्वका साथ तयारी गरिरहेको जनाएको छ ।

# निर्वाचन आयोगको ६४ बुँदे कडाइ

# प्रचारमा सीमा, उल्लङ्घन गरे कारबाही

**मधेशदृष्टि**
**काठमाडौं ।**
प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, मर्यादित र निष्पक्ष बनाउन निर्वाचन आयोगले राजनीतिक दल तथा उम्मेदवारहरूका लागि ६४ बुँदे निर्देशन सार्वजनिक गरेको छ । प्रचारप्रसार सुरु हुनुअघि जारी गरिएको विज्ञप्तिमार्फत आयोगले हिंसा, धम्की, लोभ लालच, सामाजिक बहिष्कार र कुनैपनि प्रकारको अवैध दबाबमूलक गतिविधिमा कडाइका साथ रोक लगाएको स्पष्ट पारेको छ । निर्देशनअनुसार दल तथा उम्मेदवारहरूले भोलिदेखि १८ गतेसम्म जुलुस, आमसभा र घरदैलो कार्यक्रम सञ्चालन गर्न पाउनेछन् । तर मतदान हुनुभन्दा ४८ घण्टा अघिदेखि मतगणना सम्पन्न नभएसम्म कुनैपनि प्रकारको प्रचारप्रसार पूर्ण रूपमा निषेध हुनेछ । मतदानका दिन मतदान केन्द्र र आसपास हतियार वा विस्फोटक पदार्थको प्रदर्शन तथा प्रयोग गर्न पाइने छैन । आयोगले निर्वाचन खर्चको तोकिएको सीमा अनिवार्य रूपमा पालना गर्न, मतपत्रको दुरुपयोग नगर्न र निर्वाचन आचारसंहिता कडाइका साथ कार्यान्वयन गर्न सबै पक्षलाई सचेत गराएको छ । निर्देशन उल्लङ्घन भए सम्बन्धित निर्वाचन अधिकृत वा आयोगमा उजुरी दिन सकिने व्यवस्था गरिएको छ । आयोगको यो कडाइलाई स्वच्छ प्रतिस्पर्धा सुनिश्चित गर्ने प्रयासका रूपमा हेरिएको छ ।

**बदर मत घटाउने अभियानः डिजिटल मतदाता शिक्षा देशभर**

त्यसैगरी आयोगले आइतबारदेखि देशव्यापी मतदाता शिक्षा अभियान सुरु गरेको छ । आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार यसपटक डिजिटल सामग्रीलाई थप प्रभावकारी बनाउँदै बदर मतको प्रतिशत घटाउने लक्ष्य राखिएको छ ।

अघिल्ला तीन निर्वाचनमा बदर मतको दर क्रमशः बढ्दै गएको तथ्यांकले आयोगलाई चिन्तित बनाएको छ । २०७९ सालमा ५.१९ प्रतिशत, २०७४ मा ५.१६ प्रतिशत र २०७० मा ४.९६ प्रतिशत मत बदर भएका थिए । २०४८ यताकै सबैभन्दा कम बदर मत २०५६ सालमा २.७५ प्रतिशत मात्रै थियो । छाप ठीक ठाउँमा नपर्नु, दुई ठाउँमा छाप पर्नु वा मतपत्र लतरपतर हुनुजस्ता कारणले मत बदर हुने गरेको छ ।

यस पटक आयोगले देशभरका ६ हजार ७४३ वटै वडामा मतदाता शिक्षा स्वयंसेवक परिचालन गरेको छ । आउँदो १७ गतेसम्म सञ्चालन हुने अभियानमा सकेसम्म हरेक मतदाताको घरदैलोमा पुग्ने लक्ष्य राखिएको छ । सामुदायिक विद्यालयमार्फत विद्यार्थीहरूलाई पनि सचेतना कार्यक्रमसँग जोडिने आयोगले जनाएको छ ।

आयोगको अपेक्षा छ कडाइका साथ लागू गरिएको आचारसंहिता र व्यापक मतदाता शिक्षाले निर्वाचनलाई व्यवस्थित बनाउँदै बदर मत घटाउनेछ। अब परीक्षा राजनीतिक दलहरूको छ निर्देशनको पालनामा कति गम्भीर हुन्छन् र मतदातालाई कति सचेत बनाउँछन् ।

# महाशिवरात्रीमा वीरगंजदेखि पशुपतिसम्म श्रद्धाको सागर

## जिराभवानीमा साताव्यापी मेला सुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
हिन्दू धर्मावलम्बीहरूको महान् पर्व महाशिवरात्रि आइतबार वीरगंजसहित देशभर श्रद्धा, भक्ति र उल्लासका साथ मनाइएको छ । फागुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई भगवान् शिवको परम प्रिय दिन मानिन्छ । बिहानैदेखि शिवालयहरूमा घण्टानाद, शंखध्वनि र 'हर हर महादेव' को जयघोष गुन्जिएको थियो ।



वीरगंजका प्रमुख शिव मन्दिरहरूमा भक्तजनहरूको उल्लेख्य भीड देखिएको थियो । विशेषगरी अलखिया मठस्थित शिव मन्दिर र चिनिमिल क्षेत्रमा रहेको पशुपति मन्दिरमा बिहानैदेखि जलाभिषेक र पूजा अर्चनाका लागि सर्वसाधारणको घुइँचो लागेको छ । कतिपय श्रद्धालुहरूले निर्जल व्रत बसेका छन् भने धेरैले रातभरि जाग्राम बसेर चार प्रहरको विशेष पूजा गर्ने तयारी गरेका छन् ।

शिवलाई प्रिय मानिने दूध, दही, घिउ, मह, बेलपत्र र धतुरो चढाउँदै भक्तजनहरूले शिवलिंगमा दुग्धाभिषेक तथा रुद्राभिषेक गरेका थिए । मन्दिर

बाँकी पृष्ठ २ मा

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन